राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– ८, भदौ २५ गते शुक्रबार, २०७८ (10 September, 2021) | www.janajibro.com | मूल्य रु. १०।-

# महामन्त्री पदमा युवानेताहरूको भीडन्त

## गगन र विश्वप्रकाशद्वारा घोषणा, प्रदीप पनि तयारीमा

■ जनजिब्रो संवाददाता



**काठमाडौं, २४ भदौ ।** नेपाली काङ्ग्रेसका चर्चित युवानेता एवम् नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ) का पूर्वअध्यक्ष विश्वप्रकाश शर्माले पनि काङ्ग्रेस महामन्त्री पदमा आफ्नो दावेदारी प्रस्तुत गरेका छन् । बीपी स्मृति दिवसका अवसरमा बिहीबार सुन्दरीजलस्थित बीपी सङ्ग्रहालयमै पुगेर शर्माले महामन्त्री पदको उम्मेदवारी घोषणा गरेका हुन् ।

सोही पदका निम्ति यसअघि नै काङ्ग्रेसका अर्का चर्चित युवानेता गगनकुमार थापाले पनि उम्मेदवारी घोषणा गरिसकेका छन् । स्मरणीय त के छ भने विश्वप्रकाश नेविसङ्घको केन्द्रीय अध्यक्ष हुँदा गगन सोही सङ्गठनका महामन्त्री थिए । उनीहरू पछाडि नेविसङ्घको नेतृत्व सम्हालेका अर्का युवानेता प्रदिप पौडेलले समेत महामन्त्री पदमै उम्मेदवारी दिने चर्चा चलिरहेको छ । यसरी, काङ्ग्रेसको आसन्न चौधौं महाधिवेशनमा पूर्वविद्यार्थी नेताहरूकै बीच महामन्त्री पदका निम्ति कडा प्रतिस्पर्धा चल्ने देखिएको छ । यसअघि कृष्णप्रसाद सिटौला नेतृत्वको तेस्रो धारमा रहँदै आएका युवानेता गगनले तेह्रौं महाधिवेशनमा समेत महामन्त्री पदमै प्रतिस्पर्धा गरेका थिए । यसपटक भने उनी वरिष्ठ नेता रामचन्द्र पौडेलको समूहबाट महामन्त्री पदमा प्रतिस्पर्धा गर्ने तयारी देखिएको छ । विश्वप्रकाश भने सभापति देउवा, वरिष्ठ नेता पौडेल र यसअघि नै सभापति पदको उम्मेदवारी घोषणा गरेर व्यापक तयारीमा जुटिसकेका हालका उपसभापति विमलेन्द्र निधिमध्ये कुन समूहबाट महामन्त्री पदमा प्रतिस्पर्धा गर्दैछन् भन्ने स्पष्ट भइसकेको छैन । प्रारम्भिक परिवेशलाई नियाल्दा विश्वप्रकाशको उम्मेदवारी निधिकै टिमबाट हुने परिचर्चा व्यापक छ ।

यसअघि सभापति देउवाका विश्वासपात्र एवम् निकटतम सहयोगी रहँदै आएका निधिले यसपटक उनै देउवालाई चुनौती दिँदै सभापति

क्रमशः अन्तिम पृष्ठमा

# एमसीसी 'दबाव' बढाउन उपाध्यक्ष सुमार काठमाडौंमा



**काठमाडौं, २४ भदौ ।** नेपाली नागरिकको अत्यधिक ठूलो हिस्सा, राजनीतिक क्षेत्रको बहुमत र सामाजिक क्षेत्रको पूरै हिस्साले तीव्ररूपमा विरोध, असहमति र अस्वीकार गरेको अमेरिकी परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) बलात् लाद्ने कसरत उत्कर्षमा पुगेको छ ।

सिङ्गै राष्ट्रले तीव्र विरोध गरेपछि खारेजीको डिलमा पुगिसकेको कथित एमसीसी जसरी पनि लादेरै छाड्ने अन्तिम प्रयासस्वरुप सो परियोजनाकी उपाध्यक्ष फातिमा जे. सुमार नेतृत्वको टोली काठमाडौं आइपुगेको छ । बिहीबार दिउँसो निकै कडा सुरक्षाका साथ विमानस्थलबाट सरकारले सो टोलीलाई राजधानी छिराएको छ ।

उक्त टोलीले बिहीबारै अपदस्थ प्रधानमन्त्री एवम् एमाले अध्यक्ष खड्गप्रसाद ओली, पूर्वप्रधानमन्त्री एवम् जसपा सङ्घीय परिषद्का अध्यक्ष डा. बाबुराम भट्टराई र सोही पार्टीका कार्यकारिणी अध्यक्ष एवम् पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादव, पूर्वप्रधानमन्त्री

क्रमशः अन्तिम पृष्ठमा

# पुष्पलालको भाषण : ख्रुश्चेभ रिसाए, माओ हाँसिरहे



समय-सन्देश

लोककृष्ण भट्टराई

२७ जनवरीदेखि ५ फेब्रुअरी, १९५९ मा रसियाको मस्कोमा सोभियत कम्युनिस्ट पार्टीको एक्काईसौँ महाधिवेशन सम्पन्न भएको थियो । भाइचारा पार्टीका नाताले नेपाल कम्युनिस्ट पार्टीका तर्फबाट सो महाधिवेशनमा पुष्पलाल श्रेष्ठ, केशरजङ्ग रायमाझी र पी.बी. मल्ल समेत सहभागी भएका थिए ।

त्यसबेला रायमाझी नै नेकपाका महासचिव थिए । नेपाली डेलिगेट्सका तर्फबाट सोभियत महाधिवेशनमा महासचिवले नै सम्बोधन गर्नुपर्ने थियो । तर, उनी बोलेनन्, पुष्पलाललाई बोल्न लगाए । एमबीबीएस सरहको अध्ययन गरेका भए पनि केशरजङ्गको अङ्ग्रेजी उति राम्रो थिएन, पुष्पलाल भने निकै राम्ररी अङ्ग्रेजी बोल्थे र बुझ्थे ।

त्यसैकारण निकिता ख्रुश्चेभले उद्घाटन गरेको सो महाधिवेशनमा नेकपाका तर्फबाट पुष्पलालले सम्बोधन गरे र सारगर्भित मन्तव्य दिए । त्यतिबेला सोभियत कम्युनिस्ट पार्टी क्रमशः संशोधनवादी दिशातर्फ जाँदै गरेको भनी विश्वभर व्यापक चर्चा थियो । त्यही सन्दर्भ समातेर पुष्पलालले त्यहाँ भाषण गरे । त्यो सम्बोधनका क्रममा कार्ल मार्क्सले स्थापना गरेको पहिलो कम्युनिस्ट अन्तर्राष्ट्रिय र भीआई लेनिनले स्थापना गरेको दोस्रो अन्तर्राष्ट्रियको मर्मवमोजिम सोभियत कम्युनिस्ट पार्टी अगाडि बढ्नुपर्ने सुझाव

क्रमशः अन्तिम पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। **-लेनिन**

**जनजिब्रो साप्ताहिक**
वर्ष- २७, अङ्क- ८, भदौ २५ गते शुक्रबार, २०७८

**सम्पादकीय**

## 'बूढो काङ्ग्रेस' मा युवानेताहरूको आकाङ्क्षा

नेपालको सबैभन्दा पुरानो राजनीतिक दल हो- नेपाली काङ्ग्रेस। हुन त त्योभन्दा पनि पुराना दल यहाँ नभएका होइननू; तर, अहिलेसम्म सक्रिय अस्तित्वमा रहेको र मुलुकको राजनीतिलाई प्रभाव पार्न सक्ने सबैभन्दा जेठो दल भने काङ्ग्रेस नै हो।

नेपाली काङ्ग्रेस संस्था मात्र 'पुरानो' वा 'बूढो' होइन, त्यसले अँगालेको राजनीति, अपनाएको विचारधारा, गरिरहेका क्रियाकलाप र सबै तहका नेतृत्वमा कब्जा जमाएका पात्र अर्थात् नेताहरूको उमेर- सबै हिसाबले 'बूढो' हो। केही वर्ष अघिसम्म मात्र पनि ६५ वर्ष उमेर कटिसकेकाहरूलाई काङ्ग्रेसभित्र 'युवानेता' भनेर सम्बोधन गरिन्थ्यो। सर्वत्र मजाक, ठट्यौली र खिसिट्युरी हुन थालेपछि अहिले भने पाका नेताहरूलाई 'युवानेता' भन्न छाडिएको छ। यद्यपि इतिहास, राजनीतिक विचारधारा, राजनीतिक भूमिका र मुख्य नेतृत्वका हिसाबले भने काङ्ग्रेस निर्विवादरूपले 'बूढो' पार्टी नै हो।

आसन्न चौधौं राष्ट्रिय महाधिवेशनको माहोलमा होमिएको नेपाली काङ्ग्रेसभित्र कुनै पनि युवानेताले मुख्य नेतृत्व हत्याउने अर्थात् सभापति पदमा उम्मेदवारी दिने आकाङ्क्षा दर्शाएका छैनन्। उनै शेरबहादुर देउवा, रामचन्द्र पौडेल, विमलेन्द्र निधि, प्रकाशमान सिंह, कल्याण गुरूङ, कृष्णप्रसाद सिटौलालगायतका पाका एवम् एक हिसाबले 'अवकास' को उमेरमा पुगेकै नेताहरू मात्र आकाङ्क्षी देखिएका छन्।

तर, चौथो-पाँचौं ऱ्याङ्कमा पर्ने महामन्त्री पदका निम्ति भने गगनकुमार थापा, विश्वप्रकाश शर्मा, प्रदिप पौडेललागयतका 'युवानेताहरू' आकाङ्क्षी देखिएका छन्। यद्यपि उमेरगत हिसाबले र कानुनी परिभाषाअनुरूप त उनीहरू पनि 'युवा' चाहिँ होइनन्। तैपनि तुलनात्मकरूपले अरु र शीर्ष नेताहरूभन्दा कम उमेरका 'युवानेता' हरूलाई तत्तत् पदमा विजयका निम्ति र जितिहालेमा नेपाली राजनीतिलाई 'युवापन' प्रदान गर्दै सफलताका निम्ति हार्दिक शुभकामना !

## सेजनमा नयाँ कार्यसमिति : आर्थिक पत्रकारको उपस्थिति र दक्षता बढाइने

**काठमाडौं, २४ भदौ।** नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले मुलुकभरका सञ्चार माध्यममा आर्थिक पत्रकारको उपस्थिति बढाउने र उनीहरूको दक्षता अभिवृद्धिका लागि दीर्घकालीन महत्त्वका कामलाई अघि बढाउने दावी गरेको छ।

सेजनको २२औं वार्षिक साधारणसभा तथा अधिवेशनबाट निर्वाचित कार्यसमितिले आइतबार पदभार ग्रहण गरेसँगै बसेको पहिलो बैठकले आर्थिक पत्रकारको क्षमता अभिवृद्धिका लागि विश्वविद्यालयहरूसँग मिलेर स्तरीय प्रशिक्षणलगायतका कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको हो। सदस्यहरूको क्षमता अभिवृद्धिका लागि प्रशिक्षणलगायतका कार्यक्रम सञ्चालन गरिने सेजनका नवनिर्वाचित अध्यक्ष जनार्दन बरालले बताए।

'कार्यसमितिको पहिलो उद्देश्य भनेको सदस्यको क्षमता अभिवृद्धि गरी सञ्चार माध्यममा अधिकभन्दा अधिक आर्थिक पत्रकारलाई प्रोत्साहन गराउन विश्वविद्यालयहरूसँग मिलेर दीर्घकालीन महत्त्वका कार्यक्रम अघि बढाउनु हो'- बरालले भने।

सेजनको गरिमालाई कायम राख्दै अनुसन्धानात्मक गतिविधिलाई निरन्तरता दिन नयाँ कार्यसमितिलाई सेजनका निवर्तमान अध्यक्ष भीमप्रसाद गौतमले शुभकामना दिए। नवनिर्वाचित अध्यक्ष बराललाई सेजनको पदभार हस्तान्तरण गर्दै संस्थाले गरिरहेका विभिन्न क्रियाकलापबारे गौतमले जानकारी गराए।

भदौ १८ मा सम्पन्न निर्वाचनबाट सेजनको अध्यक्षमा नयाँ पत्रिका दैनिकका आर्थिक ब्युरो प्रमुख जनार्दन बराल निर्वाचित भएका छन्। सो संस्थाको उपाध्यक्षमा सुजन ओली, महासचिवमा भागवत भट्टराई, सचिवमा हिमाल पौडेल र कोषाध्यक्षमा लक्ष्मी सापकोटा निर्वाचित भएका छन्। सदस्यहरूमा चेतबहादुर (सीबी) अधिकारी, अच्युत पुरी, अमर बड्वाल, इशारा कोइराला र शोभित थपलिया निर्वाचित भएका छन्।

# 'खसीको टाउको र कुकुरको मासु' नै पो हो र ?



**काठमाडौं, २४ भदौ।** 'संसद् खसीको टाउको झुण्ड्याएर कुकुरको मासु बेच्ने पसल हो'- विश्व साम्यवादी आन्दोलनका प्रणेता कार्ल मार्क्सपछिका दोस्रा व्याख्याता एवम् प्रयोगकर्ता लेनिनले सयौं वर्षअघि भनेको उक्ति हो यो। लेनिनीय यही आदर्शलाई पथप्रदर्शक मानेर सयौं वर्षदेखि आजसम्म संसदीय व्यवस्था र प्रणालीलाई अस्वीकार गर्दै समाजवाद स्थापनार्थ संसारभर ठूला-साना र सशस्त्र-निशस्त्र सङ्घर्ष विभिन्न स्केल र स्वरूपमा जारी छन्।

तर, विश्वमै संसदीय व्यवस्थाजत्तिको 'प्रजातान्त्रिक' या 'लोकतान्त्रिक' कुनै पनि राजनीतिक व्यवस्था नै छैन भन्नेहरूको बोलवाला छ जताततै। पार्टी वा समूहको नाम 'कम्युनिस्ट' राखेका र मार्क्स-लेनिनकै पालादेखि प्रचलनमा आएको हँसिया-हथौडा अङ्कित रातो झन्डा प्रयोग गरिरहेका संसारभरकै अर्काथरीले भने लेनिनको उपरोक्त उक्ति र मान्यतालाई अस्वीकार गर्दै आएका छन्। मार्क्स-लेनिन नमान्ने र आफूलाई 'कम्युनिस्ट' नभन्नेहरूलाई समेत उछिन्दै संसदीय प्रणालीकै 'ठेकेदारी' आफैं गर्ने जमर्को उनीहरूको गर्दै आएका छन्। तिनले लेनिनकै अर्को यो उक्तिलाई आधार बनाएर संसदीय व्यवस्था या प्रणालीको वकालत गरिरहेका छन्- 'राजनीतिक स्वतन्त्रताले मेहनतकस जनतालाई गरिबीबाट तुरुन्त मुक्त गरिहाल्दैन, यसले त गरिबी हटाउने सङ्घर्ष गर्न एउटा हतियार मात्रै प्रदान गर्दछ।'

२००७ को राजनीतिक परिवर्तनपछि नेपालमा संसदीय प्रणालीको प्रादुर्भाव भयो। २०१७ को 'शाही कु' पछि लादिएको पञ्चायती निरङ्कुशताको अन्त्य भई २०४६ को राजनीतिक परिवर्तनपछि फेरि सोही व्यवस्थाले निरन्तरता पायो। २०५२-६२ को दसवर्षे सशस्त्र माओवादी जनयुद्धको अवधिभर 'कोमा' मा पुगेको संसदीय व्यवस्था 'शान्ति सम्झौतापछि' फेरि तङ्ग्रियो। तर, नेपालमा 'संसदीय प्रजातन्त्र' त्यसको जन्मकालदेखि हालसम्म कुनै एक संसदीय कार्यकालभर समेत पनि 'स्वस्थ-तन्दुरुस्त' रहन सकेको देखिएन।

यही यथार्थतामा टेकेर पञ्चायतका भूतहरू र पछिल्लो पटक राजतन्त्रका प्रेतहरू 'नेपालमा संसदीय व्यवस्था फापेन, पुरानै व्यवस्थामा फर्कौं' भनेर बर्बराइरहे। इतिहास, वर्तमान र अहिल्यै देखिएका भविष्यका सङ्केतहरूले प्रतिगामीहरूका ती बर्बराहटको सत्यता पुष्टि गर्दैनन्। यथार्थता नै हो- नेपालमा मात्र होइन, संसारभर कहीं पनि संसदीय व्यवस्था 'फापेन', 'फाप्दैन' र 'फाप्नु पनि हुँदैन'; किनकि यो जनपक्षीय छैन, वैज्ञानिक छैन, वस्तुपरक/यथार्थपरक छैन।

तर, समाधान के- प्रतिगमन ? अहँ, होइन। समाधान हो- अग्रगमन। अर्थात् जनवाद, समाजवाद हुँदै साम्यवादतर्फको यात्रा। 'लगभग जनवाद आइसक्यो, अब समाजवाद हुँदै साम्यवादतिर लागौं' भन्ने मत एकातिर छ भने 'खै कहाँ आयो र जनवाद ? जनवाद नल्याई समाजवाद-साम्यवादका कुरा गर्नु भ्रमजाल मात्रै हो' भन्ने मत अर्कातिर छँदैछ; त्यो बहस र विवादको बेग्लै पाटो हो। तर, जबसम्म नेपाली राजनीतिले इमानदारिताका साथ संसद्वाद छाडेर समाजवादको बाटो पक्रँदैन, तबसम्म जनताको रगत-पसिना शोषेर सङ्कलन गरिएको राज्यकोषबाट तलब-भत्ता खाँदै जनतामाथि नै शोषण-दोहन र दमन गर्ने अनि यतिबेला काठमाडौंको बानेश्वस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा अवस्थित 'संसद भवन' मा मञ्चन भइरहेको तमासा नै दोहोरिइरहने निश्चित छ।

## एकै परिवारका ६ को हत्या : अनुसन्धानमा खटयो सीआईबी टोली

**काठमाडौं, २४ भदौ।** मादी नगरपालिका- १, उम्लिङ, सङ्खुवासभामा एकै परिवारका ६ जनाको सामूहिक हत्या भएको छ। सो हत्या घटनाको अनुसन्धान गर्न नेपाल प्रहरीले केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को टोली खटाएको छ।

प्रहरी प्रधान कार्यालयका अनुसार प्रहरी नायब उपरीक्षक रुगम कुँवरको नेतृत्वमा तीन सदस्यीय अनुसन्धान टोली खटाइएको हो।

'टोली सङ्खुवासभा पुगिसकेको छ, विकट क्षेत्रमा घटना घटेकाले घटनास्थलमा पुग्न केही समय लाग्छ'- सीआईबीका प्रहरी उपरीक्षक श्यामकुमार महतोले भने। उक्त घटना आइतबार राति भएको हो। सोमबार बिहान प्रहरी समक्ष घटनाबारे जानकारी आइपुगेको थियो। घटनास्थल जिल्ला सदरमुकाम चैनपुरबाट ५५ किलोमिटर पूर्वमा पर्छ। परिवारका ६ जनाको हत्या हुँदा समेत सोही परिवारका ९५ वर्षीय बौद्धमान कार्की भने सकुशल भेटिएका छन्।

उक्त घटनामा ८४ वर्षीय पार्वत कार्की, उनका ५८ वर्षीय छोरा तेजबहादुर कार्की, उनकी ५६ वर्षीया श्रीमती मनमाया, २८ वर्षीया बुहारी रञ्जना, १० वर्षका छोरा विपिन र पाँच वर्षकी छोरी गोमाको हत्या भएको छ। उनीहरूको शव फरक-फरक स्थान (बारी, खोला र सडकको भित्ता) मा फेला परेका थिए। प्रहरीले तालिम प्राप्त कुकुर समेत प्रयोग गरी घटनाको अनुसन्धान गरिरहेको छ।

मृतकमध्येका अधिकांशको टाउकामा हानेको देखिएको प्रहरीले जनाएको छ। प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवरका अनुसार घटनाका केही 'क्लु' फेला परेका छन्। घटनाको सूक्ष्म अनुसन्धान भइरहेको जानकारी उनले दिए।


# कसले फुटायो एमाले ?
# अध्यक्ष ओलीले कि सभामुख सापकोटाले ?

**'बोल्न पाइन्छ,**
**हामीले ल्याएको व्यवस्थामा**
**बोल्न पाइन्छ ।**
**नागरिकको मुखमा**
**टेप टाँसिएको छैन,**
**सर्वसत्तावादको विरूद्ध**
**बोल्न पाइन्छ ।**
**संविधानको चिरहरण**
**गर्नेको विरूद्ध बोल्न पाइन्छ**
**संविधान र कानुनी राज्यको**
**खिलाफमा,**
**सेटिङ र बन्द कोठाभित्र भएका**
**अँध्यारा षड्यन्त्रको विरूद्ध**
**बोल्न पाइन्छ ।'**

मुलुकमा ओली-अत्याचारले पराकाष्ठा नाघेका बेला, तत्कालीन (अपदस्थ) प्रधानमन्त्री खड्ग ओलीले राष्ट्रपति विद्या भण्डारीसँग लज्जाजनक साँठगाँठ गरेर संविधानलाई धोती लगाउँदै मुलुकमा प्रतिगमन लादेर प्रतिगमनविरोधी शक्ति र व्यक्तिहरूमाथि राज्य-आतङ्क उत्कर्षमा पुऱ्याएका बेला उनकै पार्टीकी केन्द्रीय सदस्य एवम् सांसद् रामकुमारी झाँक्रीले २८ माघ, २०७७ मा आयोजित विरोधसभालाई सम्बोधन गर्दै भाषणको सुरुआत गर्दाका वाक्याङ्श हुन् यी ।

चक्रवर्ती तानाशाह बन्ने दुःसपना बोकेर मुलुकमा संविधान, कानुन र न्यायालय नै छैनन् अनि देशमा जनता छैनन्, केवल उनकै रैती मात्र छन् भनेजसरी चौतर्फी वितण्डा मच्चाइरहेका ओली नेतृ झाँक्रीबाट कति त्रसित भएछन्, त्यसबाट उनको कुन हदसम्म सातोपुत्लो उडेछ र कत्तिको निदहराम भएछ भन्ने कुरा २१ भदौ, २०७८ मा ओलीले व्यक्त गरेको अभिव्यक्तिले दर्शाउँछ । केन्द्रसहित सबै प्रदेशहरू समेतबाट सत्ताच्युत भएर बालकोटस्थित निवास र थापाथलीस्थित पार्टी कार्यालयमा खुम्चिएका बेला असीमित कुण्ठा पोख्ने क्रममा ओलीले रामकुमारी झाँक्रीको ऊ बेलाको भाषणकै हाउभाउको नक्कल गर्दै भने-

**'कहिले-कहिले**
**तिनै पार्टीका मान्छे,**
**जो सरकारी मान्छे,**
**अब मन्त्री हुन ठीक्क परेर बस्याछन्**
**खुट्टो उचालेर ठीक्क पऱ्याछन्**
**मन्त्री हुनलाई**
**तिनै मान्छे हिजो**
**ज्याकेट दर्शकतिर फुउउउत्त फ्याँकेर**
**मास्क एकदम स्टाइलिस पाराले**
**फुउउउत्त खोलेर**
**आफैँले टाँसेको टेप,**
**सरकारले टाँस्द्या थेन,**
**आफैँले टाँसेको टेप**
**फिल्मी स्टाइलमा स्वाट्-स्वाट्**
**निकालेर बोल्न पाइन्छ भन्थे**
**अहिले सोध्न चाहन्छु म**
**तिनीहरू र तिनका सरकारहरूलाई**
**बोल्न पाइन्छ कि पाइँदैन नेपालमा ?**
**देशको बारेमा**
**बोल्न पाइन्छ कि पाइँदैन ?**
**राष्ट्रियताको बारेमा**
**बोल्न पाइन्छ कि पाइँदैन ?...**
**त्यस्तालाई भन्छन्**
**घरका बाघ, वनका स्याल...'**



राष्ट्रपति भण्डारी र प्रधानमन्त्री ओलीले संविधानको धज्जी उडाउँदै जुन प्रतिनिधिसभाको दुई-दुई पटक हत्या गरे, उनीहरूको हर्कतलाई असंवैधानिक ठहर गर्दै सर्वोच्च अदालतले दुवै पटक पुनर्स्थापित गरिदियो । दोस्रो पटक पुनर्स्थापित सोही प्रतिनिधिसभाको दोस्रो पटकको अधिवेशन सुरु हुँदा बुधबार उनै ओलीको दल र असंवैधानिक 'विघटन' कै समर्थक/पक्षधर वा 'मतियार' सांसद्हरूले संसद् भवनमा अनौठो तमासा देखाए ।

सभामुख अग्निप्रसाद सापकोटाले बैठक सुरु गरे, ओलीवालाहरूले होहल्ला गरेर चल्न दिएनन् । सभामुखले १५ मिनेटका लागि बैठक स्थगन गरिदिए । त्यसपछि बैठक सुरु भयो, 'विघटन' का 'मतियार' तिनै सांसद्ले फेरि होहल्ला गरे । त्यो बैठक पनि सभामुखले १५ मिनेटका लागि फेरि स्थगन गरे । एकै दिन तेस्रो पटक बैठक सुरु भयो र गृहमन्त्रीले अध्यादेश टेबल गर्न खोजे । तेस्रो पटक पनि उनैले होहल्ला गरेर बैठक चल्न दिएनन् । 'डन सांसद्' को परिचय बनाउँदै आएकी ओली समूहकी सांसद् गंगा चौधरी सत्गौवा त सभामुख र मन्त्रीलाई झम्टँदै रोष्ट्रममै चढ्न खोजिन् ।

मर्यादापालकहरूले सामान्य बल प्रयोग गरेरै रोक्नुपऱ्यो उनलाई । एमाले संसदीय दलका प्रमुख सचेतक विशाल भट्टराईले संसद्मा बोल्दै 'एमाले विभाजनको मतियार' बनेको आरोप सभामुख सापकोटालाई लगाए । बैठकपछि उनले 'सभामुख सापकोटाले आत्मालोचना नगरेसम्म बैठक चल्न नदिइने' दावीसञ्चारकर्मीसँग गरे । एमाले कसले विभाजन गऱ्यो, किन विभाजित भयो र त्यसको पृष्ठभूमि के हो भन्ने कुरा दुनियाँका सामु जगजाहेर छ । सभामुख 'मतियार' बन्दैमा कुनै राजनीतिक दल फुट्छ ? नागरिकलाई गुमराहमा राख्ने र राजनीतिक ध्वङ्स निम्त्याउने कुतर्क मात्रै हुन् ओली, विशाल भट्टराई र एमालेहरूका असान्दर्भिक अभिव्यक्ति । एमाले किन विभाजित भयो भन्ने कुरा थाहा पाउन राजनीतिक जोडघटाउका अप्ठ्यारा र लामा इतिहासहरू केलाइरहनै पर्दैन । सामाजिक सञ्जालहरूमा 'भाइरल' भएका माथि उल्लेखित सोही पार्टीका अध्यक्ष ओली र नेतृ झाँक्रीका अभिव्यक्तिले नै सबै कुरा स्पष्ट हुन्छ ।

अध्यक्ष ओलीले बारम्बार संविधान उल्लङ्घन गरेकै हुन् भनेर त स्वयम् सर्वोच्च अदालतले पटक-पटक फैसला नै सुनाएको छ । संसद् विघटन गर्दा मात्र होइन, स्वयम् एमालेकै बैठक राख्दा, कार्यसमिति थपघट गर्दा र कार्यविभाजन हेरफेर गर्दा समेत ओलीले संविधान, कानुन र पार्टी विधान उल्लङ्घन गरेको प्रमाणित गर्दै पार्टीका कयौं गतिविधि समेतमा सर्वोच्चले रोक नै लगाइदिएको थियो ।

'कानुनको अज्ञानता क्षम्य हुँदैन' भनेर स-साना त्रुटि-कमजोरी हुँदा समेत निरक्षर एवम् गरिब सर्वसाधारण नागरिलाई चर्को जरिवाना तिराइन्छ, उठिबास लगाइन्छ । अन्जानमा स-साना भूल गर्न पुग्दा 'कानुन उल्लङ्घन गरेको' आरोपमा वर्षौंवर्ष कैद सजाय भोग्न विवश छन् सर्वसाधारण नागरिक ।

तर, तिनै गरिब जनताले गाँस कटाएर तिरेको राजस्वबाट तलब-भत्ता र सुविधा खाँदै संविधान र कानुनको 'संरक्षक' कै भूमिकामा रहेका अनि संविधान-कानुन कार्यान्वयनको जिम्मेवारी नै आफ्नै हातमा लिएका राष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीहरूले बारम्बार संविधान-कानुनको गम्भीर उल्लङ्घन गरिरहँदा तीचाहिँ 'अपराधी' ठहर्दैनन् ? तीमाथिचाहिँ दण्ड-जरिवाना र कैद सजाय हुनु पर्दैन ? उल्टै अरुलाई थर्काएर र अझै राजनीतिक प्रक्रिया अवरुद्ध पारेर दादागिरी गरिरहने छुट कसरी पाउँछन् तिनले ? कि तीमाथि र सोझासिधा गरिब जनतामाथि लागू हुने संविधान र कानुन नै बेग्लाबेग्लै छन् ?

राष्ट्रपति, प्रधानमन्त्री, सभामुख, संसद् इत्यादिका मामला कुनै व्यक्तिविशेष र दलविशेषका निजी मामला होइनन्, आम जनता र सिङ्गै राष्ट्रका सरोकार हुन् । कानुन-नियम मानेर या छलेर तिनले खर्चने खर्बौं रकमको स्रोत पनि सोझासिधा र गरिब नागरिक नै हुन् । बेला-कुबेला उनीहरूले मच्चाउने वितण्डा, लाद्ने कुशासन र गर्ने व्यभिचारको मार खपिरहन अभिशप्त मान्छे पनि नेपाली नागरिक नै हुन् । त्यसैले यतिबेला सिङ्गै राष्ट्रले सोधिरहेको छ- 'कसले फुटायो एमाले ? अध्यक्ष ओलीले कि सभामुख सापकोटाले ?' तथ्य र तर्कसहित यसको जवाफ दिने मुख्य दायित्व स्वयम् खड्गप्रसाद ओलीकै हो ।

**-केदारनाथ गौतम**
(**न्युजकोसेली**बाट)




# ठूलो कुँडेको दूध र पुरानो सत्ताको भूत



**संस्मरण-अनुभूति**

**गंगा कार्की 'विश्व'**

घना हिमाली जंगलको काखमा जट्टा पोखरीको छात्ती छिचोल्दै गर्जाङ खोला (सुन्दै सुन्दर नाम) बग्दछ। महान् शेर्पा जातिको संस्कार, संस्कृति र लवजले प्रभावित, छरिएर रहेको बस्तीहरूलाई गर्जाङ खोलाले दोलखा र रामेछाप दुई जिल्लाको सिमारेखा कोरिदिन्छ। रामेछापको गर्जाङ खोलाले बनाएको चुचुरे गाजसको गर्जाङ ढुङ्गाको फाँट, दोलखाको श्यामा गाजसको भिरालो गाउँ, ढुङ्गेको जङ्गलको बीचमा रहेको शेर्पा बस्ती मनमोहक प्राकृतिक र भू-बनावटले हरेक मान्छेलाई आलिङ्गन गर्ने इच्छा जागेर आउँछ। तल शिवालय बजार दिउँसो गाई, भैंसी, चौंरी, घोडा, भेडा, बाख्रा सँगसँगै कालिज, मृग चरेको दृश्य र दिउँसो गर्जङ्ग माविको चउरीमा विद्यार्थी भाइबहिनी र सरहरूको चहलपहलले साँच्चै गर्जाङको भू-बनावट आफैंमा जिउँदो कहानी लेखेजस्तो पुम्पाडाँडाबाट हेर्दा जो कोहीलाई अनुभूति हुन्छ। अझ यसरी भन्दा अनुपयुक्त नहोला कि यहाँको भु-बनावट र प्राकृतिक सुन्दरताको वर्णन लियोनार्दो दा भिन्चीले कोरेको मोनालिसाको चित्रझैं लाग्दछ। यहाँको प्राकृतिक सुन्दरताको वर्णन गर्न एउटा कुशल रचनाकारले आजीवन लगाउँदा पनि अपुरो हुने जस्तो लाग्दछ। यो भुवन प्रकृतिले मात्रै सुन्दरता होइन यहाँका मानिसहरू अझै सत्यम शिवम् सुन्दरम् र महान् छन्। यी बस्तीहरूलाई रोगव्याधी, बाघ, भालु, र जङ्गली जनावरहरूले मात्रै सताउने र आतंकित तुल्याउने होइन, हरेक सत्ताका मानवरूपी खिच्चा कुत्ताहरूले समेत बारम्बार सताउने र आतंकित तुल्याउने गर्दै आएका छन्। ती नरभंक्षी कुत्ताहरू जिरीको मालीडाँडामा पाइला राख्दै आफूहरूलाई असुरक्षित महसुस गर्दथे। विगत पञ्चायतकालमा पनि ती बस्तीहरू पञ्चायत विरोधी थिए र वर्तमानमा पनि पुरानो सत्ता विरोधी छन्। कालो वनको बीचैमा वीरहरूको गाउँ, हाम्रो देशको व्यवस्था हेर्न त्यहाँ जाउँ भन्ने खुशीराम पाख्रिनको गीत सायद यही स्यामा, माली र चुचुरेका डाडाकाँडाहरूमा बसेर रचना गरेको अनुभूति हुन्छ। त्यसैले त्यो गर्जाङ खोला विगत देखिनै सत्ताको निगरानीमा रहिरहने परम्परा बन्दै आएको थियो। गर्जाङ खोला सधैं आफूलाई वर्ग वैरीहरूको विरुद्ध गर्जिरहन मन पराउँछ र त्यो संस्कृति निरन्तर कायम राख्दै आएको पनि छ। केश फुलेकासँग सोध्यो भने गर्जाङ राणा विरोधी भएको पाउँछौं भने, पञ्चायत अवधिभर पञ्चायत विरोधी रहँदै आएको थियो। गर्जाङ पञ्चायतको अन्त लगत्तै "राजतन्त्रात्मक संसदीय व्यवस्था पनि प्रतिक्रियावादी व्यवस्था नै हो र यो त झन् खसीको टाउको झुण्ड्याएर कुकुरको मासु बेच्ने ठाउँ हो भनेर शंषघोष गर्दै समाजवाद हुँदै साम्यवादमा पुग्ने उद्देश्यका साथ अगाडि बढिरहेको थियो। २०४८ सालदेखि नै संसदवादको विरुद्ध नौलो विद्रोह ओकल्ने साहस गर्जाङ्ले गऱ्यो।

२०५२ सालको फागुन १ गतेको रात, राता मान्छेहरूको नौलो संसार उदाउने पहिलो रात हो। नेपाली गाउँबस्तीहरू उदाउँदो संसारमा लपेटिदै लाल बस्तीहरूमा परिणत हुन थालेका थिए। उदाउँदो लाल बस्तीहरूसँग अंकमाल गर्दै अन्याय र उत्पीडनका विरुद्धमा, न्याय र समानताको पक्षमा उभिँदै आएको गर्जाङ्ले आफ्नो परम्परालाई उत्साहको साथ निरन्तरता दिन कम्मर कसेर अगाडि बढ्यो। २०५३ कार्तिकको बेला जुका र सितसँग मितेरी लगाउँदै जङ्गलको बीच एउटा घरमा ११-१२ जनाको टिम बिहानको मिर्मिरे अगावै पुगियो। टारबारीमा बाँधेका गाईंभैंसीहरू घाराक घुरुक गर्दै तर्सिए। राति नै भएकाले त्यहाँ गाईंभैंसी कति थिए, अन्दाज लगाउन सकिएन। त्यो घरकी मुली उठिसकेकी थिइन्। दाइ ठूलो घ्वाकमा मोही पार्दै थिए। मोही पारेको आवाज बाघ गर्जेजसरी टाढासम्म सुनिन्थ्यो। थाहा नहुनेहरू बाघ घुरेकोजस्तै सुन्थे। साथीहरू लिएर जाने एकजना स्थानीय गोविन्द बुढाथोकीले "नमस्कार श्रीराम दाइ" भनेर भित्र पसे। सायद बत्ती थिएन। ठिङ्ग्रे सल्लाको राँको टाउका माथि उचाल्दै, धुँवाले स्याकसुँक आँशु पुछ्दै, हाँस्दा कानमुनिसम्म ओठ च्यात्दै, एकाध बङ्गारा फुक्लिएको दाँत देखाउँदै हँसिला खाइलाग्दा श्रीराम दाइले "नमस्कार नमस्कार सरहरू" भन्दै नमस्कार फर्काउनुभयो। ती स्थानीय साथीसँग खास्याक खुसुक गरेपछि सबैको स्वर दवेर बोल्न सुरु भयो। सरहरूलाई भोक लाग्यो लौन मकै भुट भनेर श्रीमतीलाई भनेपछि श्रीमतीले हस्याङ्ग फस्याङ्ग गर्दै हाँडी बसाल्नुभयो। छिटोछिटो ताजा भुटेको मकै र मोही खुवाएर श्रीराम दाइले अलिमाथि वर्षे कटेरोमा हामीलाई पुऱ्याउनु भयो। त्यसो गर्नको कारण घरमा केटाकेटीलाई थाहा नहोस् भन्नको खातिर रहेछ। हामी त्यही कटेरामा छ्वाली ओछ्याएर एकछिन निदाएछौं।

बिस्तरै उज्यालो हुन्छ। भालेहरू बास्दछन्। चिसोले कक्रिएर चराहरू खस्रुको रुखहुँदो पखेटा केलाउँदै चिरविर गर्दछन्। एउटा फुटवल ग्राउण्ड जत्रो मैदानमा २०-३० वटा गाई भैसी बाँधिएका थिए। गोठका पाडा बाच्छाहरू आफ्नो आमा खोज्दै आई ....आई... बाँ...बाँ... गर्दै दुध खान मन लागेको इच्छा टाट्नाबाट व्यक्त गर्दथे। श्रीराम राम्रो गोठालो भएको कुरा चउरमा बाँधेका गाईंभैंसी आफैं बोल्थ्यो। श्रीराम दाइ र छोराछोरीहरू पनि खैलाबैला गर्दै बिहान गाईंभैंसी बाँधेको चउरमा देखापरे। श्रीराम र उनकी श्रीमतीले १०-१२ वटा पाडा बाच्छा लगाउनु भयो। भरिएको ढुंग्रो घरमा र रित्तो ढुंग्रो लिएर गोठ दुवैले गर्ने क्रम पटकपटक दोहोरिन्थ्यो। श्रीमतीले वर्षे कटेरीतिर बारम्बार नियाल्ने गर्थिन्। मानिसको दयाले छोडिएको अलिकति दुध पेटमा हालेर पाडा बाच्छा पुच्छर ठाडो पारेर चउरमा नाच्दथे। श्रीरामका छोराछोरीहरू हाँस्दै चिच्याउँदै पाडा बाच्छाहरूको पछिपछि दौडन्थे। दाइ र भाउजुले गिरफ्तार गरेका पाडा बाच्छालाई कानमा समात्दै फेरि गलामा दाम्लो लगाउँथे। श्रीराम ठूलोठूलो स्वरमा परिवारलाई निर्देशन गरिरहन्थे। त्यो परिवारमा एउटा केटी अलि ठूली १०-१२ वर्षकी थिइन्। १० बजेपछि श्रीरामले दुहुना बाहेकका गाई भैंसीलाई फुकाएर घर पछाडिको बाटो हुँदै जङ्गलतिर लघारे। उनको हातमा मुठ्ठीभरको आफू जति नै अग्लो खावो थियो। नमान्ने हान्न आउने राँगाहरूलाई उनले त्यही खावोले दनक दिन्थे। बच्चाबच्चीहरूलाई पनि तिनै गाईंभैंसी सँगै बोलाउँदै लगेर कोदोबारीको डिलमा सेन्ट्री राखे। अन्दाजी १०-११ बजेतिर होला श्रीराम र उनकी श्रीमतीले डोकोमा खाना बोकेर रातमा आएका पाहुनालाई पुऱ्याउन आउनु भो। दही, मोही, सोल्दर र च्याख्ला लिएर आएका श्रीरामको खाना पस्केर दिने गति तीव्र थियो। भाउजुले च्याख्ला खुवाउनु परेकोमा पटकपटक आज चामल नभएर कस्तो भयो भन्दै हाँसिरहनुभएको थियो। एकाध केश फुलेका दौरा, सुरुवाल, टोपी र ज्वारीकोट अनि कम्मरमा खुकुरी, गालाबाट रगत झर्ला जस्तो अर्धवैंसे श्रीराम देख्दैमा जो कसैले इमान्दार ठान्थे। जङ्गलको बीचमा भएर पनि होला कसैको लप्पन छप्पन नभएपछि कसैप्रति कुनियत नराखेपछि उनमा बेइमानको नामोनिसान देखिँदैनथ्यो। विरोधीका कुरा गर्दा श्रीरामले ठोक्नुपर्छ बज्याहरूलाई भन्थे। दाइले गाई भैंसी जङ्गलमा चराए बापत् खर्चरी तिर्दा ठगाईमा परेको घटना सुनाउँथे। आफू त जनयुद्धमा लागौं भने पनि बुढो भइसकें भन्थे। मेरो घरमा जहिलेसुकै आउनुहोस् म तपाईंहरूलाई सहयोग गर्न तयार छु भन्ने प्रतिबद्धता जनाए। आफ्नो घर गाउँबाट अलग भएकोमा गर्व गर्दथें। २०५४ सालमा जनसेनाको पूर्वको पहिलो सैन्य प्रशिक्षण शिविर उहाँको घरमाथि भएको थियो। जुन पाथीभरा शैन्य प्रशिक्षण भनेर प्रसिद्ध छ। त्यो बेलामा पनि त्यति ठूलो प्रशिक्षण चल्न सक्नुले त्यहाँको जनता र भू-वनोट युद्धको निम्ति अनुकूल भएको थप पुष्टि गर्दछ। त्यो प्रशिक्षणको प्रभावले गर्जाङ इलाका झन् लालबस्तीमा परिणत भयो। त्यस इलाकाबाट पनि जनयुद्धमा थुप्रै पूर्णकालिन भए।

मैनापोखरी कार्वाहीको बेला पनि त्यस क्षेत्रमा जनसेनाको ठूलो जमघट भयो। म विमला चिन्नुभयो ? गर्जाङको श्रीरामकी छोरी। रगत चुहेला झैं अनुहार, सैन्य ड्रेस, काँधमा ३०३ राइफल बोक्ने थुप्रै लाल योद्धाहरू मध्येकी हँसिली योद्धालाई देख्दा चिन्न गाह्रो भयो। चौरमा उफ्रने, पाडा बाच्छाको कान समातेर चिच्याउने तिनै विमला पो रहिछन्। त्यसबेला हामी उनको घरमा गएको उनलाई अर्ध थाहा रहेछ। उनले थाहा भएजति त्यो बेलाको घट्ना बताइन्। सानै उमेरमा पूर्णकालिन क.विमलाले ठोकर्पा, दोरम्बा, खानीभन्ज्याङ्ग, धोवी, सल्लेरी, चैनपुरलगायतका मोर्चामा साहस र वीरताका साथ लडेर आफ्नो बहादुरी देखाउँदै भिमान मोर्चामा जीवन बलिदान गरेर क्रान्तिकारीहरूको उच्च परिचय दिन सफल भइन्। सल्लेरी कारबाहीपछि दुश्मनको स्थल र हवाइ आक्रमणलाई व्यहोर्दै त्यही लालबस्तीको बाटो हुँदै आउँदा श्रीराम राति एउटा सेल्टरमा देखा पर्नुभयो। सेल्टर लिएको ठाउँमा राति केही खतराको संकेत देखा परेपछि सबै अल आउट भयौं। श्रीराम भने कम्मरको खुकुरीको भरमा तपाईंहरू बस्नुहोस् म बुझेर आउँछु भनेर निछाम्मै अँध्यारोमा एक्लै जङ्गलतिर जानुभयो। चामल बोकेर आउने आफ्नै साथीहरू भएको जानकारी दिएर उहाँले स्थितिलाई सामान्य बनाउनु भएको थियो। उहाँको सक्रियता अत्याधिक थियो। दुःखकष्ट जस्तोसुकै व्यहोर्न पनि उहाँ तयार हुनुहुन्थ्यो। उहाँ पार्टीको पूर्णकालीन कार्यकर्ता हुनुहुन्थ्यो। वास्तविक गोठालो समुदायको नेता उहाँ कैंयन पटक दुश्मनको असम्भव घेरा तोडेर उम्कँदै दुश्मनलाई चक्मा दिन सफल हुनुभएको थियो। त्यही क्रममा एकपटक उहाँ आफ्नै घरमा घेरामा पर्नुभयो। त्यो घटनाको रमाइलो कहानी श्रीरामले यसरी बताउनु भएको थियो।

श्रीराम पार्टीमा पूर्णकालीन भएपछि एकदिन साँझ घर भेटघाटमा पुग्नुभयो। घर छेउ पुग्दा अँध्यारोले नजिकैको मानिसलाई चिन्न समेत मुस्किल थियो। राति खाना खाएर परिवारसँग केही भलाकुसारी, केही तीतामीठा कुराकानी भए। गाउँघरको स्थिति सुनसान थियो। उहाँको त्यो रात घरमा परिवारहरूको साथमा बित्यो। बिहान सबेरै उठेर दैनिक कार्यमा सबै लागे। श्रीरामको अभावमा पनि उहाँकी श्रीमतीले पशुपालनमा कमी ल्याएकी थिइनन्। बिहान दुवैजनाले पाडा बाच्छा लगाएर गोठको धन्दा सके। त्यस बेलासम्ममा देउराली माथिको थोतुङ्को डाँडाबाट घामले चिहाउन थालिसकेको थियो। श्रीमतीले ठूलो कुँडेमा दुध तताएर भण्डारको देउता थान जाने ढोकाको मुखैमा राखेकी थिइन्। भण्डारभित्र जाने बाटो कुडेले पुरै ढाकेको थियो। तातो दुधले बाफ छोडिरहेको थियो। यत्तिकैमा सशस्त्र सेनाको एक हुल घरबाट २०-३० मिटर पर एक्कासी देखापरे। तिनीहरूलाई गाउँघरमा २१ औं शताब्दीका मान्छे खाने भूत भनेर सबैले चिन्दथे। चारैतिरबाट तिनै भुतहरू घरतिर आएको देखेर परिवारमा ठुलो आतंक छायो। श्रीरामलाई आफू मान्छे खाने भूतको मुखमा परेको पक्कापक्की भयो भने उनको परिवारलाई पनि घरमा अशुभ हुने कुरामा शंकै थिएन। घेराबाट उम्कने विकल्प नदेखेपछि श्रीराम पुलिसको आँखा छलेर घरभित्र छिरे। ठुलो कुँडे नाघेर त्यही सानो अँध्यारो भण्डारको कोठाको ढोकाको चेपमा सासै खिच्न छाडेर बसे। उनको छातीको धड्कन बढेको थियो। उनको दिमागमा पार्टी, परिवार, जनता, मुक्ति सबै एकैपटक मुस्लो परेर मडारिन थाल्यो। सायद उनको जीवनमा यस्तो आपत् र विपत्को क्षण कहिल्यै आएको थिएन। उनको यो अवस्थामा साथ दिने कोही पनि थिएन। उनी घरीघरी भण्डारमा रहेको कुल देवतालाई पुकार्थे। तर उनलाई त्यो पनि विश्वास थिएन।

ती मान्छे खाने भूतहरू परैबाट कराउँदै आए। खै तेरो श्रीमान ? थाहा छैन। थप्पड हानेको रोएको आवाज आउँथ्यो। तथानाम भन्दै श्रीमतीको चुल्ठो समातेर तान्थे। आँगनमा लछारपछार पारे। साले रण्डीलाई गोली हान्, तेरो श्रीमान्ले सुन कति ल्यायो, पैसा कति ल्यायो, दुनियाँको डाका गर्न गएको छ देखा कहाँ छ। कारुणिक स्वरमा थाहा छैन भन्दा अरु आवाज सुन्न कठिन थियो। लाठी, बुट, कुन्दा बक्सिङ, थप्पडले श्रीमतिको शरीरले फुर्सद पाएको थिएन। यो स्थितिमा श्रीरामलाई सम्हालिन धौ धौ पऱ्यो। उनीलाई वर्गवैरीप्रतिको आवेग आक्रोश र घृणा थाम्न मुस्किल परिरहेको थियो। प्राणभन्दा प्यारो कम्मरको खुकुरीको विडमा हातले समात्न छोडेका थिएनन्। बाहिर निस्केर वर्ग वैरीलाई त्यही खुकुरीले छप्काउने कुराले असाध्यै चिमोट्थ्यो। फेरि बाहिर निस्कँदाको परिणाम सम्झन्थे र बेठीक ठान्नुहुन्थ्यो। श्रीराम दैलाको कुनामा कम्मरको नाङ्गो खुकुरी हातमा लिएर आक्रमणको तयारी पोजिसनमा बसेका थिए। उनले बाहिर निस्कँनु भन्दा यहीं बस्दा खोज्न आउने २-४ जना छप्काउन सकिने सम्भावना बढी देख्नु भयो। त्यो उपयुक्त अँध्यारो ढोकाको कभरलाई उहाँले छोड्न चाहनु भएन।

बाहिर निर्मम र जङ्गली शैलीमा परिवारका अन्य सदस्यहरूलाई दुर्व्यवहार भइरहेको थियो। तिनै मध्येका एक हुल भूतहरू एसल्ट पोजिसनमै घरभित्र पसे। मान्छे खाने भुतहरूले घरको छप्पा छप्पा छापा मारे। बुइगेलमा भकारी बेरेर कोदो र मकै राखेको थियो। ती भूतहरू साले गुरिल्ला यही भकारीभित्र लुकेको जस्तो छ, साव ! भनेर कराउँथे। त्यो भकारीको बारेमा उनीहरूको बीचमा ठूलै हल्लीखल्ली मच्चियो। कराएको सुन्दा उनीहरूको पिसाव फुस्किए जस्तो भान हुन्थ्यो। ती मध्येको एउटा श्रीराम लुकेको भण्डार कोठातिर अगाडि बढ्यो। उसले ठूलो कुडेमा बाफ आइरहेको तातो दुध देख्यो। साला गधा तातो दुध खान घर आएको। दुध पनि कति धेरै रहेछ। ए केटा हो आओ भनेर करायो। खस्रुको दाउराले तताएको दुधको बाफमा कुरौनी बसाइरहेको थियो। दुध चलाउने क्यावा कुडेमै थियो। अर्को बडेमानको भूतले यो तातो दुध छोड्नुहुँदैन भनेर एक जरु कचौरामा हालेर स्वाट्ट पाऱ्यो। आहा कस्तो मीठो दुध केटा हो। अर्कोले पनि खै खै ? अर्कोले पनि खै खै ... । यसरी नै ती भूतहरूको दुध खाने प्रतिस्पर्धा सुरु भयो। कसैले थालमा, कसैले गिलासमा, कसैले कचौरामा दुध खाए। कतिले चार पाँच पटक थपी थपी खाएर ढ्याउ डकार्दै हाँस्दै घरबाहिर निस्के। कति कुँडे नजिक आएर सालेहरूले सबै आफूले मात्र खाएछन् भनेर गाली गर्दै त्यत्तिकै फर्के। बाहिर परिवारलाई सोध्ने, कुटपिट गर्ने क्रम जारी थियो। भण्डारमा श्रीरामलाई यो बेला हाँसो, आक्रोश, घृणा र त्रासको तुफानले मस्किल परिरहेको थियो। आफू सिद्धिएपनि छोराछोरीहरूले आफ्नो कम्मरको खुकुरी र पिँठ्यूको झोला बोक्लान् भन्ने आशा टुट्ने हो कि भन्ने चिन्ताले श्रीरामलाई सताइरहेको थियो। कुडेमा पाँच मुठी जति दुध र बाक्लो कुरौनीमात्र बाँकी थियो। एउटा अर्को भूतले आएर सोध्यो दुध छ ? अर्कोले जवाफ फर्कायो- सकियो। कुडेमा बाक्लो कुरौनी लागेको छ कोरेर खा। त्यो भूतले कुंडे उज्यालोतिर ढल्काएर हेऱ्यो। सालेहरूले सबै सकेछन्। श्रीरामलाई अरु डर थपियो। ढोकाबाट कुडे हट्नासाथै श्रीराम फेला पर्ने थिए। दुध नभएको रिसले त्यो भूतले कुंडे माथिबाटै छोडिदियो। पुलिसहरू सबै बाहिर निस्किए। साला बुढो भएर पनि गुरिल्ला तालिम गरेको रहेछ। लापत्तै भयो। यो पटकलाई त बाँच्यो। अर्को पटक कहाँ जाला र !

एउटा नाबालक छोरोलाई पिट्दै पुलिसले लगेको देखेर आमाले आफ्नो अशक्त शरीरले छोराप्रतिको ममता देखाउन कोशिस गरिन्। उनको कुरा सुनुवाई भएन। उनीमाथि थप दुर्व्यवहार गरे। कुटाईको निलडामले शरीर नचिनिने भएको थियो। ती भूतहरूले शरीरका मैला धैला लुगाहरू च्यात्ला भुत्ला पारिदिएका थिए भने उनको शरीरको ठाउँ ठाउँबाट खुन बगिरहेको थियो। मुखमा आमाको दुधको गन्ध अझै आउने, आमाको गुँड नछोडेको एउटा नाबालकलाई आतंककारीको आरोपमा हत्कडी लगाएर राइफलको कुन्दाले हान्दै जङ्गली राक्षसहरूले लिएर जाँदा एउटा आमाको मन कस्तो हुन्छ होला ? तपाईं नै भन्नुहोस् त ? आमा घिस्रिँदै आँगनको डिलबाट छोरातिर हेर्दै बाबु भनेर आमाले पुकारेको छोराले फर्केर हेर्दा टाउको फुट्ने गरी कुटाई खानुपर्ने कस्तो प्रजातन्त्र र स्वतन्त्रता होला ? अचम्मै छ नि। पुरानो सत्ताको "प्रजातन्त्र, बाल स्वतन्त्रता र मानव अधिकार" कस्तो हो ? यिनै सोचाइहरूले श्रीराम र उनको परिवारलाई अरु थप छोपिरहेको थियो। श्रीमती छोरालाई लगेको बाटोतिर सकीनसकी मुन्टो उठाएर रुँदै हेरिरहेकी थिइन्। छोरालाई राक्षसहरूले जङ्गलभित्र हुले। उनको मनमा थप भय थपियो। श्रीरामले भण्डारबाट निस्किएर ढोकाबाट चियाउँदै बाहिर चारैतिर हेरे। एकछिन पछि छर्लिँदै श्रीराम दलानमा निस्किनु भयो। श्रीमतीको अवस्था र उनको रुवाइले श्रीरामको मासु अमिलो भएको थियो। श्रीमतीले रुँदै आफ्नो र आफ्नो छोराछोरीहरूको यो स्थिति आउनुमा श्रीराम घर आउनुको कारणले भएको कुरा भाउजु कृष्णमायाले बुझ्नुभयो। तिमीले भनेको ठीक हो। तर जस्तो भएपनि नराम्रो काम गरेको भए सजाय मलाई पो हुनुपर्थ्यो नि। मेरो कारणले सजाय तिमी र छोराले पाउनु पुरानो सत्ताको दोष भएको कुरा श्रीरामले राख्नुभयो। भो भो जाउ छिटो घरबाट अहिले राक्षसहरूले दोष देखाई देलान् भनेर श्रीरामलाई भाउजुले विदाइ गर्नुभयो। ती भूतहरू तल गर्जाङको स्कुलमा गएर सबैलाई तर्साए, धम्काए, सरहरूलाई तथानाम भाँड्भैलो गरे। स्कुलमा भाइबहिनीहरूलाई हप्काए र श्रीरामको अर्को छोरालाई पनि स्कुलभित्रै गएर राक्षसहरूले गिरफ्तार गरे। नाइटो नझरेका ती स्कुल पढ्ने श्रीरामका दुई छोराहरूलाई कक्षाकोठाबाटै पुरानो सत्ताको कथित बाल स्वतन्त्रता, प्रजातन्त्र र विश्व मानवअधिकारको प्रलापको हत्कडी लगाएर भूतहरूले लिएर गए। यसरी श्रीराम ठूलो कुडेको दुधले पुरानो सत्ताको मान्छे खाने भूतबाट बच्न सफल रहनुभयो। पछि २०६० साल माघ ६ गते दोलखाको चिलंखा गाजस लाईसेफमा भूतहरूको अर्को बगालले उनी लगायतका राता मान्छेहरूको एउटा टोलीलाई घेरा हाली सामूहिक हत्या गऱ्यो। छोरी क.विमलाले सिन्धुलीको भिमान मोर्चामा र क.श्रीरामले चिलंखाको लाईसेफमा जनयुद्ध जिन्दावाद भन्दै तातो रगतले नेपाली धर्ती सिंचित गर्नुभयो। उहाँहरूले अरु चौध हजार महान् सहीदहरूको गौरवगाथामा

क्रमशः पाँचौं पृष्ठमा

# ‘आत्महत्या’ को कथा र युटचुबरको धन्दा

कोरोना महामारी, त्यसको रोकथाम तथा नियन्त्रण गर्न भन्दै जारी गरिएको लकडाउन तथा विभिन्न मिति र स्थानमा पटक-पटक लागू गरिएका निषेधाज्ञाका कारण शारीरिक र मानसिक स्वास्थ्यका साथसाथै सामाजिक, धार्मिक, सांस्कृतिक र आर्थिकलगायतका स्थितिहरूले मानिसलाई गम्भीर असर पुऱ्याएको छ। यो अवस्थाले सबै तह-तप्का, उमेर, वर्ग र समुदायका मानिसलाई प्रत्यक्षतः प्रभावित तुल्याएको छ। यसै परिवेशको उपजस्वरूप कोरोना सङ्कट सुरु भएयता आत्महत्या गर्नेको सङ्ख्या समेत ह्वात्तै बढेको छ। आम सञ्चारका माध्यमहरूमा आजभोलि ‘आत्महत्याको अवस्था भयावह’ भन्नेजस्ता समचार शीर्षकहरू छाउन थालेका छन्।

‘आत्महत्याको भयावह अवस्था’ कोरोना प्रकोपपछि मात्रै निम्तिएको समस्या होइन। विश्वका सबै मुलुकहरूमा जस्तै नेपालमा पनि आत्महत्याको समस्या धेरै पहिलेदेखि नै जनस्वास्थ्यका क्षेत्रको एउटा ठूलो समस्या र चुनौतीका रूपमा रहँदै आएको छ। विभिन्न तथ्याङ्कहरूले देखाएअनुसार नेपालमा आत्महत्या गर्नेहरूको सङ्ख्या प्रत्येक वर्ष आठदेखि दस प्रतिशतले बढ्दै आइरहेको छ।

### आत्महत्या वृद्धिदर : तुलनात्मक प्रस्तुति

नेपाल प्रहरीको तथ्याङ्कअनुसार कोरोना महामारी सुरु हुनुभन्दा अगाडि नै अर्थात् आथिक वर्ष २०७५/७६ मा ५ हजार ७ सय ५४ जनाले आत्महत्या गरेर ज्यान गुमाएका थिए। यो सङ्ख्यालाई हिसाब गर्दा दैनिक सरदर १६ जना पर्न आउँछ। कोरोनाको महामारी सुरु भएपछि अर्थात् आर्थिक वर्ष २०७६/७७ मा आत्महत्याबाट ज्यान गुमाउनेहरूको सङ्ख्या ६ हजार २ सय ७९ रहेको छ। यो सङ्ख्यालाई हिसाब गर्दा दैनिक सरदर १७ जनाले आत्महत्या गरेर आफ्नै ज्यान गुमाउने गरेको देखिन्छ।

पछिल्लो वर्ष अर्थात् आर्थिक वर्ष २०७७/७८ मा ७ हजार १ सय १७ जनाले आत्महत्या गरी ज्यान गुमाएको तथ्याङ्क छ। यो सङ्ख्यालाई हिसाब गर्दा भने औसतमा दैनिक १९ जनाले आत्महत्या गर्ने गरेको देखिन्छ। र, यो सङ्ख्या आर्थिक वर्ष २०७६/७७ को भन्दा १४ प्रतिशतले बढी हो।

प्रकृतिक विपत्ति पर्दा, रोग-व्याधिको महामारी फैलँदा र अनेकौं किसिमले असहज एवम् जोखिमपूर्ण अवस्था सिर्जना हुँदा मानसिक स्वास्थ्य समस्या तथा आत्महत्यादर बढेर जाने जोखिम त हुन्छ नै। तर, आत्महत्याको कहालीलाग्दो तथ्याङ्क कोरोना महामारीपछि मात्र बढ्यो र कोरोनाकै कारण आत्महत्याको अवस्था भयावह भयो भन्ने बुझाइ तथा प्रचारबाजी सरासर गलत हो। कोरोनाको सङ्कट सुरु भएयता आत्महत्याको दर केही बढेर गएको भने यथार्थता हो; जुन कुरा यहाँ प्रस्तुत तथ्याङ्कबाटै स्पष्ट भैहाल्छ।

### भ्रामक प्रचारबाजी र दुष्प्रभाव

आत्महत्याको सवाल एकदमै समवेदनशील विषय हो। यसबारे निकै गहन अध्ययन गरेर, यथार्थता बुझेर र परिवेशको सही आँकलन गरेर मात्र समाचार/सामग्री प्रस्तुत गर्नु जरुरी छ। अतिरञ्जनापूर्ण होहल्ला गर्ने, सनसनी फैलाउने तथा ‘भ्युज’ एवम् ‘टीआरपी’ बढाउने लालसा र होडबाजीमा मात्रै सतही प्रचारबाजी फैलाउने छुट कसैलाई पनि हुनुहुँदैन/छैन।

आत्महत्याबारे अतिरञ्जना गर्नु हुँदैन र यो मामलालाई सनसनीपूर्ण पनि बनाउनु हुँदैन। यसो गर्दा समाज र नागरिकमा झनै नकारात्मक असर पर्छ। आत्महत्याबारे फैलाइने अतिरञ्जनाका कारण डिप्रेसनमा गएका र आत्महत्याको सुषुप्त सोच बनाएकाहरूलाई ‘हौसला’ बढ्न जान्छ र छिट्टै नै आत्महत्या गरिहाल्ने स्थितितर्फ धकेल्छ। अर्कोतिर अन्जान र अबोध बालबालिकाहरूले समेत त्यसैको ‘सिको’ गर्ने खतरा हुन्छ।

### आत्महत्या : विश्व-अवस्था

आत्महत्या विश्वमै जनस्वास्थ्यका क्षेत्रको एउटा निकै जटिल समस्या बनिरहेको छ। विश्वभर प्रत्येक ४० सेकेन्डमा एक जनाले आत्माहत्या गर्छ र प्रत्येक ३ सेकेन्डमा १ जनाले आत्महत्याको प्रयास गर्दछ; १ जनाले आत्महत्या गरिसक्दा २५ व्यक्तिले आत्महत्याको प्रयास गरिसकेका हुन्छन् भने अरु धेरै व्यक्तिहरूले आत्महत्या गर्नेबारे गम्भीररूपमा सोचिसकेका हुन्छन्।

विश्वभर प्रत्येक वर्ष सरदर ८-१० लाख व्यक्तिले आत्महत्या गरेर आफ्नो ज्यान गुमाउँदै आएका छन्। यो सङ्ख्या भनेको युद्ध, दैवी प्रकोप, सडक दुर्घटना, महामारीलगायतका कारणबाट हुने मृत्युभन्दा निकै बढी हो। विश्वभर महिलाको तुलनामा पुरुषहरूले नै बढी आत्महत्या गर्ने गरेका छन्। तर, आत्महत्याको प्रयास गर्नेमा भने पुरुषभन्दा महिला नै बढी छन्।

### किन गर्छ कसैले आत्महत्या ?

प्रायः सबै मानिस आफ्नो दीर्घजीवन नै चाहन्छन्। मर्नदेखि सबैलाई डर लाग्छ। ‘मर्ने कसैको रहर हुँदैन...’ भन्ने त गीत नै छ हामीकहाँ। तर, किन कोही व्यक्ति भने आत्महत्या नै गरेर अकालमा आफ्नो जीवन आफैं समाप्त पार्न खोज्छ ? प्रश्न गम्भीर छ।

आत्महत्याको अवस्थामा पुगिसकेको व्यक्तिले आफ्नो जीवनका सबै ढोकाहरू बन्द भइसकेको देख्छ/ठान्दछ। र, मर्नुबाहेक अरु कुनै पनि विकल्प भेट्दैन/बाँकी रहेको ठान्दैन। ऊ चरम निराशामा डुबेको हुन्छ।

मान्छे आत्महत्या गर्नेसम्मको अवस्थामा पुग्नुका धेरै कारणहरू हुन्छन्। आत्महत्या गर्नेमहरूध्येका ९० प्रतिशत व्यक्ति मानसिक रोगी भएको पाइएको छ। तीमध्ये पनि ‘डिप्रेसन’ नामक मनोरोग लागेका धेरै भेटिएका छन्। कसै-कसैले भने क्षणिक आवेगमा आएर पनि आत्महत्या गरेको पाइएको छ। अत्यधिक जाँड-रक्सी तथा लागू पदार्थ सेवन गरेका कारण र कडा खालको मानसिक रोग लागेका कारण आत्महत्या गर्नेहरूको सङ्ख्या पनि उल्लेख्य नै छ।

आनुवाङशिक, मनोवैज्ञानिक, सामाजिक-सांस्कृतिक तथा जोखिमका अन्य तत्त्वहरूको संयुक्त प्रभावका कारण पनि आत्महत्या हुने गर्दछ। धेरैजसो अवस्थाका आत्महत्या वा आत्महत्या प्रयासलाई मानसिक रोगको लक्षणका रूपमा नै लिइनु पर्दछ।



**खोज-विश्लेषण**
**गोपाल ढकाल**

### आत्महत्या : उच्च जोखिममा को-को ?

कुनै शारीरिक रोगका कारण कुनै व्यक्ति उच्च जोखिमा रहेजस्तै मानसिक रोग र आत्महत्याका हिसाबले कुनै व्यक्ति उच्च जोखिममा रहेको हुन सक्छ। डिप्रेसन भएका, कुनै दुःखद् घटनाबाट अत्यधिक प्रभावित भएका, पटक-पटक आत्महत्याको असफल प्रयास गरिसकेका, तनावपूर्ण पेशा-व्यवसायमा रहेका, पारिवारिक झैंझगडा वा उल्झनमा फसेका, आर्थिक सङ्कटमा परेका, बेरोजगार तथा लागू पदार्थको कुलतमा फसेकाहरू आत्महत्याका हिसाबले उच्च जोखिमयुक्त व्यक्ति मानिन्छन्।

सामान्य वा कडा जेसुकै होस्, मानसिक रोग जोसुकैलाई पनि लाग्न सक्छ। तर, मानसिक रोग र आत्महत्यालाई हाम्रो समाजले नकारात्मक नजरले हेर्दछ; फरक तरिकाले बुझ्दछ। हाम्रो परम्परागत मान्यता एवम् बुझाइले मानसिक रोगलाई ‘पूर्वजन्मको पाप’ र ‘अपराध’ ठान्दछ; ‘देवी-देवता’ वा ‘कुलदेवता’ बिग्रेको भन्दछ।

### आत्महत्या : दृष्टिदोष र दृष्टिकोण

आत्महत्या गर्नेहरूलाई हाम्रो समाजले ‘पानीमरुवा’ र ‘लाछी’ को उपमा दिन्छ। आत्महत्या गर्नेको ‘अनुहार हेरियो’ भने ‘अगति परिन्छ’ भनेर आफ्नो अनुहार लुकाउँदै र नाक खुम्च्याउँदै हिँड्नेहरू पनि समाजमा थुप्रै भेटिन्छन्। त्यसैले आत्महत्या गर्नेको परिवारमा अरु व्यक्तिहरूको आउजाउ नै कम हुने तथा ‘पानी बाराबार’ सम्म हुने गरेका दृष्टान्त समेत यदाकदा पाइन्छन्।

‘हरपल मरी-मरी बाँच्नुभन्दा त एकै पलमा मर्ने मन लाग्न सक्छ; त्यही पललाई केहीबेर त सहेर हेर, फेरि पनि बाँच्ने इच्छा जाग्न सक्छ...’ एउटा गीतले भने झैं दुःख र निराशाको क्षणमा धैर्य गरेर केहीबेर/केही दिन पर्खने हो भने त्यो पल त बितेर गैहाल्छ; त्यसपछि आत्महत्याको सोच, निर्णय र विचारमा स्थायीरूपले नै परिवर्तन आउन सक्छ। त्यो ‘थोरै समय’ को धैर्यता र अरुबाट प्राप्त सहयोगले जीवन जोगिन सक्छ। तपाईंले कसैलाई गर्नुभएको सानो सहयोग वा तपाईंले गर्नुभएको थोरै धैर्यता जीवन परिवर्तनका लागि ‘पर्याप्त’ समेत सक्छ।

संसार त हिजो पनि सुन्दर थियो, आज पनि सुन्दर छ र भोलि पनि सुन्दर नै रहने छ, जीवनका अनेकौं घटनाक्रमहरूका कारण तुवाँलो लाग्न गई यही सुन्दर संसार बेलाबखत विकृतरूपमा देखापर्न सक्ने मात्र हो। तुवाँलो लागेका बेला धैर्य गरियो भने फेरि अवश्य नै त्यो तुवाँलो फाट्दछ। जीवन बाँकी रहे मात्र गल्तीहरू सच्याउन सकिन्छ; आफ्ना गल्तीहरूको प्रायश्चित गर्न सकिन्छ। आफू नै नरहेपछि त भूलहरूलाई सुधार्ने, प्रायश्चित गर्ने र गुमेका अवसर एवम् लाभहरूलाई पुनर्प्राप्त गर्ने मौका नै पो पाइँदैन। त्यसैले आत्महत्या ‘समाधान’ हुँदै होइन, बरु आफूसहित बाँकी रहेका/रहने परिवारजन र समाज एवम् राष्ट्र समेतका निम्ति ‘समस्या’ चाहिँ हो।

### ‘आत्महत्या प्रयास’ चाहिँ के त ?

‘आत्महत्या प्रयास’ वास्तवमा सहयोग प्राप्तिका निम्ति कसैले गरेको एक प्रकारको चीत्कार हो। केही खास-खास अवस्थामा बाहेक कसैले एकै पटक आत्महत्याको अन्तिम निर्णय गरिहाल्दैन; आत्महत्या प्रयास पनि सहजै र सुरुमै गरिहाल्दैन।

आत्महत्या गर्ने व्यक्तिले आत्महत्याअघि विभिन्न लक्षण या सङ्केतहरू देखाउँदछ वा अनेक किसिमले अभिव्यक्त गर्दछ। त्यस्तो अवस्थामा बेलैमा घरपरिवार, साथीसँगी वा विशेषज्ञको सहयोग पाएमा आत्महत्या वा आत्महत्या प्रयासलाई टार्न/रोक्न सकिन्छ।

यसर्थ, आत्महत्याको पनि धेरै हदसम्म रोकथाम हुन्छ/गर्न सकिन्छ। आत्महत्याको खतराका सूचक र जोखिमबारे बेलैमा आँकलन गर्न सकिएमा र सुरक्षाका तत्त्व, स्वहेरचाह आदिबारे जानकारी भएमा धेरैको जीवन बचाउन सकिन्छ। यसका निम्ति मनोचिकित्सक या मनोविद् वा मनोपरामर्शदाता र सम्बन्धित व्यक्ति तथा परिवारबीचको सहकार्य अत्यावश्यक हुन्छ।

*मनोविद् ढकाल ‘मार्क नेपाल मनोसेवा केन्द्र’ का सञ्चालक हुन्*

# ठूलो कुँडेको दूध र...

आफ्नो नाम दर्ज गराएर गर्जाङको लालबस्तीलाई नयाँ अजम्बरी गाउँको रूपमा परिचित गराउन सफल हुनुभयो। शहिद क. श्रीराम र क. विमला- अमर रहुन्।

### आवेगको क्षण

इच्छा, चाहना, भावना, घृणा, आक्रोश, पीडा, चिन्ता, लोभ, क्रोध, डर, आशा, निराशा, भय, त्रास आदि धेरै कुराको योग मानिस हो। मानिसको समग्र वस्तुको प्रतिबिम्ब नै अन्तरविरोधको थुप्रो हो। हरेक घटनाक्रमले अनेकन रूपमा मानिसको मथिङ्गललाई छुनु अनिवार्य छ। यो जीवित प्राणी त्यसमा पनि बनिबनाऊ वस्तुमात्रै होइन आफूलाई आवश्यक पर्ने वस्तुको सचेत रूपमा निर्माण गरेर उपभोग गर्ने मानव भएर पनि होला उसलाई घटनाले विद्युतीय गतिमा प्रभावित तुल्याउँछ। मानिसमा घटनाहरूको संवेदना, अनुभुति र प्रभाव नाप्ने कुनै मापो छैन। मापो जहिले पनि सालाखाला र सापेक्षिक रूपमा नापिन्छ। संवेदना र प्रभावले कति छुन्छ भन्ने कुरा उसको बुझाईको सापेक्षिक स्तर र दृष्टिकोणले निर्धारण गर्दछ। यही जीवनमा घट्ने घटना मध्येको एउटा घटनाको आवेग, संवेदना, अनुभूति र प्रभाव कोर्ने कोशिस गरेको छु। यसको मापो निकाल्ने जिम्मेवारी तपाईंहरूलाई नै छोडिदिन्छु।

२०५३ सालको हिउँदको बेला थियो। किसानहरूले खेतीपाती थन्क्याई सकेका थिए। हाम्रो पार्टीको राजनीतिलाई स्थापित गराउन र भ्रमहरू साफ गरी आर्थिक संकलन गर्ने अभियान चलिरहेको थियो। त्यसै क्रममा दोलखा जिल्लाको गुमखोला बजारमा एउटा कोणसभा गर्ने र आर्थिक सहयोग माग्ने निधो भयो। एकघण्टा नजिकै सिंगटीमा दुश्मनको इलाकास्तरीय पुलिस क्याम्प थियो। कार्यक्रमको भोलिपल्ट हाटबजार पनि लाग्ने भएकाले कार्यक्रमले निकै ठूलो आकार ग्रहण गर्नेवाला थियो।

लगभग २० जनाको टोलीले गुमखोला बजारलाई साँझ घेरा हाल्यौं। त्यसो नगर्दा सिंगटीबाट पुलिसहरू आउन सक्थे। कोणसभामा मैले नै बोले। केही ठूला पसलेहरूलाई आर्थिक सहयोगको प्रस्ताव राख्ने र सामान्य पसलेहरूसँग स्वेच्छाले दिएको लिने योजना बनेको थियो। सामान्य पसलेहरूले आफूले सक्दो स्वेच्छाले दिए तर ठूला पसलेहरूले आफ्नो हैसियत भन्दा निकै गिरेर कुरा गरेपछि उनीहरूसँग हामीले सहयोग लिएनौं। त्यहाँ स्पष्ट वर्ग छुट्टिन पुग्यो। हामी कार्यक्रम सकेर जुँगूँतिर फर्कियौं। जूँगू मेरो जन्मथलो पनि हो।

त्यसको प्रभाव भोलिपल्ट हाट (महिनाको दुई पटक लाग्ने) मा निकै ठूलो पऱ्यो। कार्यक्रमपछि हामी जाने सम्भावित जुँगुँ गाउँलाई घेरा हाल्न चरिकोट, मैनापोखरी, जिरी र सिंगटीको पुलिस फोर्स चारैतिरबाट परिचालित गऱ्यो। देवी खड्का मैनापोखरीमा महिलाको कार्यक्रममा जानुभएछ। उहाँ त्यो बेला होलटाइम्बर हुनुहुन्थ्यो। उहाँ लगायतका साथीहरूलाई मैनापोखरीको देउरालीमा पुलिससँग जम्काभेट परेर गिरफ्तार गऱ्यो भन्ने खबर हामीले पायौं। क.प्रताप पनि जेलमै हुनुहुन्थ्यो। यातना निर्मम दिइरहेको छ भन्ने कुराहरू आइरहेको थियो।

रामेछाप, सोलु र ओखलढुङ्गा जिल्लामा मेरो सरुवा भएको थियो। म सेक्रेटरी भएर कार्यक्षेत्रमा गएँ। क्षेत्रीय ब्युरो कार्यालय काठमाडौंमा भएकाले म काठमाडौं आउने जाने भइरहन्थ्यो। गर्मीयामको बेला थियो। म काठमाडौं भएको बेला देवी खड्का जेलबाट छुटेको खबर आयो। उहाँ जेलबाट छुटेपछि उपचारको लागि सिधै काठमाडौं आउनु भएको रहेछ। मुख्यतः पार्टीको सम्पर्कको निम्ति आउनुभएको रहेछ। सम्पर्क नभएपछि उहाँ निकै निराश भएर फर्किन लाग्नुभएको रहेछ। निकै प्रयत्न पश्चात् गौशालामा धनबहादुर पन्तकोमा उहाँसँग मेरो संयोगले भेट भयो। उहाँसँग अर्को साथी पनि थिइन्। उनलाई कुराकानी गरेर फर्काइयो। हामी क.नारायण अधिकारीको डेरा सेराटन (एभरेष्ट) होटलको अगाडिपट्टि बुद्धनगरमा गयौं। उहाँ मलाई भेटेपछि अलि खुशी हुनुभयो। उहाँको शरीर निकै सुन्निएर हिड्न निकै कठिन भइरहेको थियो। बाटो र कोठामा सामान्य कुराहरू भए। उहाँले सामान्य विवरण बताउँदै यातना त्यो स्तरको पनि हुन्छन् भन्ने कुरा मैले कल्पना नै गरेको थिइन् भनेर गहभरि आँशु पार्नुभयो। म पनि निकै गम्भीर भएँ। धेरै कुराकानी गर्ने वातावरण त्यहाँ थिएन। मलाई घट्नाक्रम सुन्न कठिन भइरहेको थियो। देवीले खर्च अभावको कारण एउटा एनजीओमा उपचार गराउनु आउनु भएको रहेछ। उहाँलाई बुद्धनगरको कोठामा छोडेर म उपत्यका कार्यालय पाटनतिर लागें। क.सन्तोष, क. आलोक लगायतका साथीहरूसँग मैले देवीको रिपोर्टिङ गरें। उहाँमाथि अनैतिक कार्य भएजस्तो छ भन्नें। भोलिपल्ट देवीसँग विस्तृत कुरा गर्ने जिम्मा मैले नै पाएँ।

भोलिपल्ट बिहान हामी खाना खाएर आ-आफ्नो काममा लाग्यौं। म अलि असामञ्जस्यतामा परेको थिएँ। देवीसँग बुझ्ने कार्य निकै कठिन थियो। गर्मी याम पनि त्यत्तिकै थियो। काठमाडौंको वातावरण दुर्गन्ध र धूलोले ढाकेको थियो। गाडीको आवाज र धुँवाले प्रदूषण निकै फैलाएको थियो। म पाटनको मंगलबजारबाट गाडी चढे। मसँग एउटा तिफदी पेस्तोल थियो। त्यो मैले जुनसुकै ठाउँमा जाँदा पनि छोड्दैनथें। साथीहरूले गाली गर्नुहुन्थ्यो। तपाईंको यही पेस्तोल काल हुन्छ भन्नुहुन्थ्यो। मलाई भने केही गरी ममाथि आक्रमण भयो भने एकदुई जना ढालेर मात्रै आफू मर्छु भन्ने कुराले कहिल्यै छोड्दैनथ्यो। म निकै गम्भीर भएको थिएँ। अलि डर र त्रास जस्तो पनि लागिरहेको थियो। मैले गाडीबाट ओर्लिने ठाउँ आएको थाहै भएन। म गाडीबाट ओर्लेर देवी भएको कोठामा गएँ। अस्मिता बसेको घरको गेटमा घरबेटीले नै ताल्चा लगाउने गर्दारहेछन्। गेट पनि दुईवटा थियो। एउटा बाहिरी पर्खालको गेट अर्को ढोकैको गेट। गेटमुनि साँझ खुल्ने रेष्टुरेण्ट थियो। त्यहाँका सबै आफ्नो डिउटीमा व्यस्त थिए। ५ बजेसम्म त्यो कोठा हाम्रो हुने थियो। त्यो कोठामा दुईवटा खाट थिए। कोठाको सजावट ठिकै थियो। देवीलाई भेटेर मैले कुरा घरतिरबाट सुरु गरें। उहाँ गिरफ्तार हुँदा उहाँको झोलामा महिला संगठनको छाप र सदस्यता रसिद पुलिसले भेटेछ। गिरफ्तार गर्नासाथै पिटेछ। सदरमुकाम पुगेपछि थुप्रैखालको यातनाहरू दिएछ। विशेषगरी हतियार कहाँ छ ? माओवादी कहाँ छ ? माओवादी कोको छन् ? आदि भन्दै फोहोरी अपशब्दमा गाली गर्ने, कुट्ने, संवेदनशील अंगहरूमा विविध ढङ्गका प्रताडना दिने, मनोवैज्ञानिक यातना त गौण नै भए।

क्रमशः आगामी अंकमा

# कर्मचारी सञ्चय कोष

पुल्चोक, ललितपुर

फोन नं.: ०१–५०१०१६५, ५०१०१६६, ५०१०१७८

Website : www.epfnepal.com.np

## सुरक्षित भविष्यको लागि सञ्चय कोष तथा निवृत्तभरण कोष

**कर्मचारी सञ्चय कोषबाट उपलब्ध सेवा-सुविधाहरू :**

(क) **सञ्चय कोष र निवृत्तभरण कोष रकममा ब्याज प्रदान : २०७८ श्रावण १ गते देखि ६.५० प्रतिशत ।**

(ख) **मुनाफा प्रदान : आ.व. २०७७/७८ मा आ.व. २०७६/७७ को खुद मुनाफाबाट आ.व. २०७६/७७ को शुरु सञ्चय कोष मौज्दातको आधारमा १ प्रतिशत प्रदान गरिएको ।**

(ग) **सापटी सुविधाहरू :**

- **विशेष सापटी :** कोषकट्टी खातामा जम्मा भएको रकमको ८० प्रतिशत सम्म (ब्याजदर ७.६० प्रतिशत) ।
- **घर सापटी :** घर निर्माण गर्न, तला थप्न वा घर खरिद गर्न घर जग्गाको धितोमा अधिकतम १५ वर्षको तलब वा बढीमा रु.१ करोड सम्म (ब्याजदर ७.९० प्रतिशत)
- **शैक्षिक ऋण :** घर जग्गाको धितोमा सञ्चयकर्ता वा निजको श्रीमान्/श्रीमती/छोरा/छोरीको उच्च शिक्षा अध्ययन गर्न स्वदेशका लागि अधिकतम रु.१० लाख, विदेशका लागि अधिकतम रु.२० लाख सम्म र एम.बी.बी.एस./एम.डी.को लागि रु.२५ लाख सम्म (ब्याजदर ७.९० प्रतिशत)
- **सञ्चयकर्ता सरल चक्रकर्जा :** घर जग्गाको धितोमा काठमाण्डौ उपत्यकाभित्र न्यूनतम रु.५ लाख र अधिकतम रु.३० लाख सम्म (ब्याजदर ८ प्रतिशत)
- **घर मर्मत सापटी :** घर मर्मत गर्न घर जग्गाको धितोमा अधिकतम ५ वर्षको तलब वा रु.२५ लाख सम्म (ब्याजदर ७.९० प्रतिशत)

(घ) **सामाजिक सुरक्षा सुविधाहरू :**

- **दुर्घटना क्षतिपूर्ति योजना :** सेवाकालमा सञ्चयकर्ताको दुर्घटनामा परी मृत्यु भएमा वा पूर्ण अंगभंग भएमा रु.२ लाख ।
- **काजकिरिया अनुदान योजना :** सेवाकालमा सञ्चयकर्ताको मृत्यु भएमा रु.४० हजार ।
- **सञ्चयकर्ता स्वास्थ्योपचार योजना :** सञ्चयकर्ता अस्पताल भर्ना भई उपचार गरेको साधारण रोगमा रु. १ लाख सम्म र घातक रोगमा रु. १० लाख सम्म ।
- **सुत्केरी तथा शिशु स्याहार सुविधा :** प्रति प्रसूति रु.७ हजार ५ सयका दरले बढीमा दुई पटक गरी रु.१५ हजार ।



# सडक प्रयोगकर्ताहरूमा विशेष अनुरोध !

- सडक तथा फुटपाथमा जथाभावी निर्माण सामग्रीहरू नथुपारौं ।
- सडक छेउका घरहरूको छतबाट सिधै वर्षात्को पानी सडकमा नझारौं, यसबाट सडकमा चाँडै खाल्डाखुल्डी पर्न जाने हुँदा पाइपको माध्यमबाट उचित निकासको व्यवस्था गरौं ।
- सडकलाई कालोपत्रे गर्ने अवस्थामा (बेसकोर्ष सम्पन्न) ल्याइसकेपछि विभिन्न संघ-संस्था तथा व्यक्तिहरूबाट धारा जडान, ढल जडानजस्ता कार्य गर्न माग हुने गरेकाले त्यसप्रकारका कार्यहरू सडक विस्तारको प्रारम्भिक चरणमा नै गर्ने प्रक्रिया अपनाऔं ।
- निर्माण सम्पन्न (कालोपत्रे) भइसकेका सडकहरूमा सडक खन्ने कार्यलाई पूर्णरूपमा निरुत्साहित गरौं ।
- सडकको दायाँ-बायाँ रहेका क्याचपिटहरूमा फोहरमैला तथा प्लास्टिकहरू नफ्याँकौं, यसबाट वर्षात्को पानीले निकास पाउन नसकी जलमग्न हुन सक्छ ।
- सडकमा जथाभावीरूपमा बाटो नकाटौं, दुर्घटनाबाट बचौं र बचाऔं ।
- सडक बाटोमा हिँड्दा सडक पेटी (फुटपाथ) को प्रयोग गरौं ।

## हुलाकी राजमार्ग

### सडक निर्देशनालय

टेकु, काठमाडौं



# कृषिमा यान्त्रीकरण, समृद्धिको आधार !

**कृषि यान्त्रीकरणमार्फत कृषिमा आधुनिकीकरण तथा रूपान्तरण गरौं ।**

कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण सम्बन्धमा थप जानकारीका लागिः

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र**

हरिहरभवन, ललितपुर, सम्पर्क नं.: ०१–५५२२४३९

वेबसाइटः www.caidmp.gov.np

इमेलः campid2078@gmail.com



# सार्वजनिक सूचना !

सार्वजनिक सडकमा निर्वाधरूपमा आवतजावत गर्न पाउने सबैको नैसर्गिक अधिकार हो । तसर्थ, यसको सम्बर्द्धन, सम्भार एवम् सुरक्षा गर्नु हामी सबैको साझा कर्तव्य हो । सडकमा सीमा अतिक्रमण गरी घर–टहरालगायत अस्थायी एवम् स्थायी संरचनाहरू निर्माण गर्नु सार्वजनिक अपराध हो । साथै, यातायात आवागमनमा बाधा पुग्ने गरी सडक सीमाभित्र निर्माण सामग्रीहरू सडकमै थुपार्ने, सडकमै सवारी साधन धुने, सडक नाली पुरी बाटो बनाउने तथा ढल मिसाउने एवम् फोहरमैला डम्प गर्नेजस्ता कार्य नगरिदिनुहुन तथा सडकमा लिकेज भएका खानेपानी तथा ढलका पाइप लाइनहरू सम्बन्धित निकायबाट यथासिघ्र मर्मत तथा सम्भार गरिदिनुभई सडक संरक्षण गर्ने कार्यमा सहयोग गरिदिनुहुन सबै सरोकार वाला पक्षहरूसँग हार्दिक अनुरोध गरिन्छ ।

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

**थानकोट-चित्लाङ सडक योजना**

कलंकी, काठमाडौं

# अनुरोध !

सडक हामी सबैको साझा सम्पत्ति हो । सडक निर्माणमा तपाई हाम्रो ठूलो धनराशि खर्च भएको हुन्छ । त्यसैले सडकको संरक्षण एवं सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो । निर्माण भइसकेको सडकका विभिन्न खण्डमा अनधिकृत रूपमा सडक सीमा अतिक्रमण गरी घर-टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, सडकमा निर्माण सामग्री थुपार्ने, सवारी साधन धुने-पखाल्ने, पार्किङ गर्ने, सडकको नाला पुरी बाटो बनाउने तथा नालीमा ढल मिसाउने एवं फोहरमैला फाल्नेजस्ता कार्यले वातावरणमा समेत प्रतिकूल असर पर्न जाने हुनाले उपरोक्त कुनै पनि क्रियाकलाप नगर्नु-नगराउनु हुन सम्बन्धित सबैसँग यो डिभिजन कार्यालय हार्दिक अनुरोध गर्दछ ।

डिभिजन प्रमुख

## डिभिजन सडक कार्यालय

मीनभवन, काठमाडौं

# बुढानीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

काठमाडौं, बागमती प्रदेश, नेपाल

## सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं !

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सरसफाइमा ध्यान दिऔं र जथाभावी फोहरमैला नफालौं ।
- सार्वजनिक जग्गामा घर-टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरी सभ्य नागरिकको परिचय दिऔं ।
- व्यक्तिगत घटना समयमै दर्ता गरौं र आफ्ना सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै पनि बालबालिकालाई शिक्षाबाट वञ्चित नगरौं । बालश्रम शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाब नगरौं र खुला दिसापिसाबमुक्त अभियानमा रहयोग गरौं ।
- साबुन-पानीले हात धुने बानी बसालौं । अरुलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धूमपान-मध्यपान नगरौं/नगराऔं ।
- हावाहुरीबाट हुने आगलागीबाट बचौं र सावधानी अपनाउन अरुलाई पनि सहयोग गरौं ।
- लैङ्गिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारीमा गएर स्वदेश फर्किसकेपछि अनिवार्यरूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घरपरिवारले आफ्नो घर वरपर दुईवटा बिरुवा अनिवार्य रोपी वातावरणलाई हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं । दुर्व्यसनबाट बचौं र बचाऔं ।
- अपाङ्गता भएका, ज्येष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य बीमा गराऔं र अवसरको फाइदा उठाऔं ।

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# सडक विभाग, पुल महाशाखा

## जानकारीमूलक सूचना !

१. पुलहरूमा जथाभावी दिसापिसाब र फोहर नफालौं । यसले पुलको आयु घटाउँछ ।

२. पुलको तल-माथि खोलाबाट बालुवा, गिट्टी, ढुंगा, माटो आदि झिक्दा पुल भत्किन सक्छ । पुलको ५०० मिटर तल-माथि माटो-बालुवा नझिकौं ।

३. पुलमाथि सकभर सीमित गतिमा सवारी चलाउने बानी बसालौं ।

४. मानव शरीरमा रहेको रक्तस्नायुतन्त्र जस्तै पुल सडकको अभिन्न अंग हो । एक ठाउँमा रक्तनली काटिन जाँदा पक्षाघात भएजस्तै पुल भत्किन जाँदा सडक उपयोगहीन हुन्छ र मानव जीवन अस्तव्यस्त हुन्छ ।

# तारकेश्वर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

काठमाडौं, बागमती प्रदेश, नेपाल

## सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं !

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सरसफाइमा ध्यान दिऔं र जथाभावी फोहरमैला नफालौं ।
- सार्वजनिक जग्गामा घर-टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरी सभ्य नागरिकको परिचय दिऔं ।
- व्यक्तिगत घटना समयमै दर्ता गरौं र आफ्ना सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै पनि बालबालिकालाई शिक्षाबाट वञ्चित नगरौं । बालश्रम शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाब नगरौं र खुला दिसापिसाबमुक्त अभियानमा रहयोग गरौं ।
- साबुन-पानीले हात धुने बानी बसालौं । अरुलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धूमपान-मध्यपान नगरौं/नगराऔं ।
- हावाहुरीबाट हुने आगलागीबाट बचौं र सावधानी अपनाउन अरुलाई पनि सहयोग गरौं ।
- लैङ्गिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारीमा गएर स्वदेश फर्किसकेपछि अनिवार्यरूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घरपरिवारले आफ्नो घर वरपर दुईवटा बिरुवा अनिवार्य रोपी वातावरणलाई हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं । दुर्व्यसनबाट बचौं र बचाऔं ।
- अपाङ्गता भएका, ज्येष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य बीमा गराऔं र अवसरको फाइदा उठाऔं ।

# भारत सरकारलाई नेपाल सरकारका दुईवटा विरोधपत्र

**काठमाडौं, २४ भदौ ।** भारतीय सीमा सुरक्षा बल (एसएसबी) का जवानले दार्चुलाको तुइन खुस्काएर नेपाली नागरिकलाई नदीमा बेपत्ता बनाइदिएको घटना र त्यसको केही पछि सोही जिल्लास्थित नेपाली सेनाको ब्यारेकमाथि अनधिकृतरूपमा बारम्बार हेलिकप्टर उडाएर गरेको दादागिरीको विरोधमा नेपाल सरकारले भारत सरकारलाई दुईवटा बेग्लाबेग्लै ‘असन्तुष्टिपत्र’ अर्थात् ‘कूटनीतिक नोट’ पठाएको छ ।

दुवै घटनाको अनुसन्धान गरी दोषीमाथि कानुनी कारबाही गर्न आग्रह गर्दै परराष्ट्र मन्त्रालयले अघिल्लो शुक्रबार र गत आइतबार छुट्टाछुट्टै पत्र पठाएको हो । ‘तुइन घटनाबारे नेपाल सरकारलाई जानकारी दिन पहिलो कूटनीतिक नोट भदौ १८ मा तथा नेपाली आकाशमा अनधिकृतरूपमा हेलिकप्टर उडाइएको सम्बन्धमा भदौ २० मा अर्को नोट काठमाडौंस्थित भारतीय राजदूतावासमार्फत भारत सरकारलाई पठाएका छौं’- नाम उल्लेख गर्न नमान्ने परराष्ट्र मन्त्रालयका एक उच्चाधिकारीले बताए ।

गृह मन्त्रालयका सहसचिव जनार्दन गौतमको संयोजकत्वमा गठित छानबिन समितिको प्रतिवेदनका आधारमा भारतलाई विरोधपत्र पठाइएको बताउँदै नेपाल-भारतबीचका सबै समस्याको समाधान कूटनीतिक माध्यमबाट गर्न नेपाल सरकार प्रतिबद्ध रहेको ती अधिकारीले दोहोऱ्याए । नेपाल-भारतबीचको शताब्दीऔं पुरानो र बहुआयमिक सम्बन्ध सानातिना समस्याबाट प्रभावित हुनुहुँदैन भन्ने मान्यताका साथ दुवै घटनाको वास्तविकताबारे बुझ्न पनि कूटनीतिक नोटमा ध्यानाकर्षण गराइएको छ ।

साउन १५ मा स्थानीय मालघाटबाट तुइन तर्ने क्रममा ब्यास गाउँपालिका- २, खाङ्दाङ्का जयसिंह धामी तुइनको तारसँगै महाकाली नदीमा खसेर बेपत्ता भएको घटनामा एसएसबीको संलग्नता रहेको निष्कर्षसहितको प्रतिवेदन छानबिन समितिले भदौ १५ मा नेपाल सरकारसमक्ष प्रस्तुत गरेको थियो । छानबिन समितिको प्रतिवेदनको निष्कर्ष नेपाल सरकारले सार्वजनिक गरेपछि भारतीय विदेश मन्त्रालयले नयाँदिल्लीमा गरेको नियमित ‘प्रेस ब्रिफिङ’ मा उक्त मन्त्रालयका प्रवक्ता अरिन्दम बाग्चीले त्यसबारेमा भारत सरकारलाई औपचारिक जानकारी प्राप्त नभएको प्रतिक्रिया दिएका थिए ।

जयसिंह धामीको खोजीमा महाकाली किनारमा ड्रोन उडाउनका निम्ति जिल्ला प्रशासन कार्यालय दार्चुलाले गरेको अनुरोधको कुनै प्रत्युत्तर नदिई भारतले महाकालीवारिका बस्ती, सेना, प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका संरचनामाथि बारम्बार हेलिकप्टर उडाएको थियो ।

## महामन्त्री...

पदमा दावेदारी प्रस्तुत गरिरहेका छन् । अघिल्लो महाधिवेशनमै सुषुप्तरूपले सभापति पदको आकाङ्क्षा दर्शाएका निधिलाई चौधौं महाधिवेशनमा आफैंले सघाउने वचन दिएर देउवाले पछि हट्न सहमत गराएका थिए । तर, देउवा भने यसपटक पनि आफैं सभापति बन्न तम्सिएपछि आफू कुनै हालतमा पछि नहट्ने भन्दै निधिले उम्मेदवारी घोषणा गरेका छन् । गगन थापा रामचन्द्र पौडेलको टिमबाट महामन्त्रीको उम्मेदवार बन्ने भएपछि विश्वप्रकाशले भने देउवा-निधि दुवैको सहयोगमा महामन्त्री पद आफ्नो पोल्टामा पार्ने योजना बुनिरहेको देखिन्छ ।

अर्कातिर यसअघि नै धेरै पटक सभापतिको आकाङ्क्षा देखाएका वरिष्ठ नेता रामचन्द्र पौडेल सभापतिको उम्मेदवार बन्ने-नबन्ने टुङ्गो अझै लागिसकेको छैन । जसरी हुन्छ, देउवाको विकल्प खोज्नुपर्छ भनेर लागिरहेको इतरपक्षबाट करिव आधा दर्जन नेताहरूको सभापति पदमै दावेदारी छ । पौडेल, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला मात्र नभई रामशरण महत र कल्याण गुरुङसम्मले दावेदारी प्रस्तुत गरिरहेका छन् । सिंह र गुरुङले औपचारिकरूपमै उम्मेदवारी घोषणा गरेका छन् भने अरु नेताहरू समीकरण मिलाउने र टिम बनाउने कसरतमा छन् ।

गतसाता संयुक्त पत्रकार सम्मेलन गरेको इतर पक्ष र विशेषतः वरिष्ठ नेता पौडेलले आफूहरूका तर्फबाट देउवासँग प्रतिस्पर्धा गर्ने एकै जना मात्र सभापतिको उम्मेदवार हुने प्रतिबद्धता जनाए । त्यो पत्रकार सम्मेलनमा सिटौला भने सहभागी थिएनन् तर गगन उपस्थित भएर महामन्त्री पदको उम्मेदवार बनेर आफू सोही समूहका तर्फबाट प्रतिस्पर्धामा उत्रने सङ्केत दिए ।

हालसम्मको तयारी हेर्दा थापा पौडेल समूहबाट र शर्मा निधिको टिमबाट महामन्त्रीको उम्मेदवारका रूपमा खडा हुँदै गरेको देखिए तापनि सभापति पदका प्रबल दावेदार टुङ्गो लागिसकेपछि मात्रै कुन-कुन टिमबाट को-को भन्ने स्पष्ट हुन्छ ।

जो, जतासुकैबाट भिडे पनि विगतकालमा नेविसङ्घको शीर्ष नेतृत्वमा रहेर सँगै काम गरेका शर्मा र थापाबीच नै मुख्य टकराव हुने कुरा भने स्पष्ट नै भइसकेको छ ।

## एमसीसी...

एवम् नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाललगायतसँग भेटवार्ता गरिसकेको छ ।

एमसीसी उपाध्यक्ष फातिमाको टोलीले शुक्रबार बिहान पूर्वप्रधानमन्त्री एवम् नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ सँग र दिउँसो प्रधानमन्त्री एवम् काङ्ग्रेस सभापति शेरबहादुर देउवासँग भेटवार्ता गर्ने कार्यक्रम छ । नेपालबाहेकका दर्जनौं मुलुकहरूमा पूर्णतः असफल भएर विस्थापित भइसकेको सो परियोजना जसरी भए पनि नेपालको संसद्बाट पारित गराउने कसरतस्वरूप फातिमाको टोली काठमाडौं उत्रेको हो । ‘सरकारमा हुँदा हामीले त एमसीसी पास गर्ने प्रक्रिया अघि बढाएकै हौं तर त्यतिबेलाका सभामुख कृष्णबहादुर महरा र पार्टीकै समकक्षी नेता पुष्पकमल दाहाल ‘प्रचण्ड’ लगायतले असहयोग र अवरोध गरेर पास गर्न दिएनन्,’ भेटवार्ताका क्रममा अध्यक्ष ओलीले उपाध्यक्ष फातिमासँग गरेको गुनासो उद्धृत गर्दै सो भेटघाटमा सहयोगी स्रोतले जनजिब्रोलाई भन्यो- ‘अहिले त हामी प्रतिपक्षमा छौं, सत्तापक्षले के-कसो गर्छ, पारित नै गराउने तयारी गरेमा हामीले नसघाउने कुरै छैन ।’

पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई र जसपा अध्यक्ष उपेन्द्र यादवले भने नेपालका लागि वैदेशिक सहयोग आवश्यक रहेको र एमसीसी पनि चाहिएको तर आफूहरूको बलबुताले मात्र केही नहुने भएकाले राष्ट्रिय सहमति जुटाएर पारित गर्न प्रयास गरिने आश्वासन उपाध्यक्ष फातिमाको टोलीलाई दिएको स्वयम् भट्टराईका अभिव्यक्तिहरूबाट स्पष्ट भएको छ ।

माओवादी केन्द्र र एकीकृत समाजवादीका अध्यक्षहरूले भने यथावतरूपमा एमसीसी पास गर्न सम्भव नहुने स्पष्ट पार्दै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र संविधान-कानुन प्रतिकूलका बुँदाहरू परिमार्जन गरेपछि राजनीतिक सहमति कायम गरेर पास गर्न सकिन्छ भन्दै जवाफ दिने तयारी गरेका छन् । सोही आशयका दर्जनौं प्रश्नहरू नेपाल सरकारले केही दिनअघि एमसीसी हेडक्वार्टरमा

## पुष्पलाल...

पुष्पलालले दिए । ख्रुश्चोभ नेतृत्वमा आएदेखि पूर्ववर्ती नेता स्टालिनको सम्मानमा कमी आएको, स्टालिनको शव सुरक्षित राख्न समेत आनाकानी गरेको र प्रतिक्रियावादीहरूले स्टालिनमाथि लगाएका तमाम गलत आरोपहरूको प्रभावमा सोभियत कम्युनिस्ट पार्टी समेत पर्न थालेकोप्रति साङ्केतिकरूपमा असन्तुष्टि जनाउँदै स्टालिनको सम्मान गर्नुपर्ने र रसियामा स्टालिनको शव सुरक्षित राख्ने स्थानको अभाव भए त्यसका निम्ति नेपालमा ठाउँ उपलब्ध गराइने पुष्पलालले बताए ।

पुष्पलालको भाषण सुनिरहँदा ड्यासमा बसेका चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओत्सुतुङ मुसुमुसु हाँसिरहेका थिए भने ख्रुश्चेभले चाहिँ अनुहार अँध्यारो पारेका थिए । त्यसपछि फुर्सदका बेला भएको अनौपचारिक कुराकानीका क्रममा सोभियत कम्युनिस्ट पार्टीका कतिपय उच्च नेताले ‘आफैं नबोलेर पुष्पलाललाई बेकार किन बोल्न दिएको ?’ भन्दै केशरजङ्गसँग असन्तुष्टि समेत पोखेका थिए ।

सोभियत कम्युनिस्ट पार्टीको उक्त महाधिवेशनमा सहभागी भएर फर्केको प्रतिनिधिमण्डलका सदस्यहरू र स्वयम् पुष्पलालले समेत विभिन्न प्रसङ्गमा चर्चा-परिचर्चा र कुराकानी गर्दा हामीले सुनेका हौं यी कुरा ।

क्रमशः दक्षिणपन्थी बाटो पक्रँदै गएको सोभियत कम्युनिस्ट पार्टी र त्यसका नेता ख्रुश्चेम अनि कट्टर मार्क्सवादको पक्षपोषण गरिरहेका माओत्सेतुङका सामु साहसका साथ आफ्ना कुरा राख्ने अनि अन्तर्राष्ट्रियजगत्कै सामु मार्क्सवाद-लेनिनवादका आधारभूत मान्यता-हरूको पक्षपोषण गर्ने पुष्पलालको त्यसखाले वैचारिक स्पष्टता, सैद्धान्तिक इमानदारिता र दृढता सुनेर हामी थप गौरवान्वित भयौं ।

**मास्क लगाऔं, कोरोनाबाट सुरक्षित बनौं !**

- नाक र मुख ढाकिने गरी मास्क लगाऔं,
- मास्कलाई सकेसम्म नछोऔं,
- एउटै मास्क लामो समयसम्म प्रयोग नगरौं,
- एउटै मास्क लामो समयसम्म प्रयोग नगरौं,
- कोरोनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**




प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं